
# ॐ शान्ति सन्देश

द्विमासिक




महाशिवरात्रि पर्वको हार्दिक शुभकामना


























१. गीतानगर, चितवन : ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयका साकार संस्थापक प्रजापिता ब्रह्मा बाबाको ४७ औं स्मृति तथा विश्व शान्ति दिवस कार्यक्रममा मन्तव्य राख्नुहुँदै सभासद रामकृष्ण घिमिरे, ब्रह्माकुमारी सुवर्ण बहिनी, प्राध्यापक भरत दवाडी, रामपुर क्याम्पसका पूर्व सहायक डीन सन्तबहादुर गुरुंग, अरुणोदय उ.मा.वि का प्राचार्य रत्नप्रसाद सापकोटा, समाजसेवी नारायण प्रसाद कोइराला । २. वीरगंज : विश्व शान्तिका लागि १०८ घण्टा योग तपस्या कार्यक्रमको शुभारम्भ गर्नुहुँदै प्रा. डा विश्वेश्वरी राणा, प्रा. डा. मञ्जु श्रेष्ठ, नेपाल रेडक्रस सोसाइटीको उपसभापति मधु राणा, ब्रह्माकुमारी रविना बहिनी तथा ब्रह्माकुमारी बेली बहिनी । ३. कावासोती थाना : श्रीमद् भागवत वाचक ईश्वर कृष्ण महाराजलाई आश्रममा स्वागत गरी ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी जमुना बहिनी । ४. वीरगंज : पिताश्री ब्रह्मा बाबा स्मृति दिवसमा आयोजित १०८ घण्टा योग कार्यक्रमको समापनको अवसरमा मंचमा जिल्ला न्यायाधीश लक्ष्मीकृष्ण श्रेष्ठ, ठाकुर राम बहुमुखी क्याम्पसका प्रमुख ललन दुवेदी, राष्ट्रिय स्वतन्त्र मानव अधिकार समाजको अध्यक्ष कृष्ण खनाल, नेपाल रेडक्रस सोसाइटीका उपसभापति मधु राणा, नेपाल उद्योग वाणिज्य संघका केन्द्रीय सदस्य विजय सरावगी, ब्रह्माकुमारी रविना बहिनी तथा अन्य । ५. गजुरी : धादिंग जिल्लाका न्यायाधीश मुकुन्द प्रसाद शर्मालाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी जमुना ६. वीरगंज : चरित्र निर्माण आध्यात्मिक मेलामा चैतन्य झाँकीको उदघाटन गर्नुहुँदै वरिष्ठ शिक्षाविद तथा वीरगंज पब्लिक कलेजको संस्थापक प्रा. डा. दिपक शाक्य साथमा ब्रह्माकुमारी रविना बहिनी तथा ब्रह्माकुमारी बेली बहिनी । ७. राजविराज : पिताश्री ब्रह्मा बाबाको ४७ औं स्मृति दिवसको अवसरमा आयोजित कार्यक्रमको उदघाटन गर्नुहुँदै एस.एस.पी उत्तम बहादुर सिंह, एस.पी. भीम ढकाल, ब्रह्माकुमारी भगवती बहिनी तथा अन्य । ८. पीसपार्क, गैंडाकोट : गैंडाकोट नगरपालिकाका कार्यकारी प्रमुख बद्रीप्रसाद तिवारीलाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी लक्ष्मी बहिनी साथमा ब्रह्माकुमारी अम्बिका बहिनी तथा अन्य । ९. गजुरी : भारतीय राजदूतावासका डी. एम.सी. विनय कुमारलाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी जमुना बहिनी साथमा अन्य । १०. वीरगंज : राष्ट्रिय स्वतन्त्र मानव अधिकार समाजको प्रथम वार्षिक साधारण सभामा प्रमुख अतिथिको रूपमा ईश्वरीय सन्देश दिनुहुँदै ब्रह्माकुमारी रविना बहिनी, अध्यक्ष कृष्णप्रसाद खनाल तथा अन्य, पत्रकार महासंघ पर्सा जिल्लाको अध्यक्ष श्याम बन्जारा, पत्रकार महासंघको मध्यमाञ्चल क्षेत्रीय संयोजक शितल महतो तथा अन्य । ११. नारायणगढ : न्यूरो लिंग्यूस्टिक प्रोग्रामिंग कार्यक्रमका प्रशिक्षक इन्द्र गुरूंगलाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी लक्ष्मी बहिनी साथमा ब्रह्माकुमार विजय भाइ । १२. काठमाण्डौ : प्रथम राष्ट्रिय योग दिवसको अवसरमा आयोजित सबैका लागि सधैंका लागि योग नामक चेतना जागृति र्‍यालीको एक दृश्य ।

# ॐ शान्ति सन्देश

वर्ष १५, अंक ६, २०७२, फाल्गुण-चैत्र

का. जि. द. नं ६५/०५७/०५८


## मङ्गलमय शुभकामना

जीव, जगत् र जीवात्मालाई पावन बनाउने महान्, महत्वपूर्ण र सर्वोच्च पर्व महाशिवरात्रिको पुनीत उपलक्ष्यमा सम्पूर्ण ब्रह्माकुमार/ब्रह्माकुमारी भाइ/बहिनीहरू, शुभचिन्तक आत्माहरू तथा समस्त आत्माहरूको उत्तरोत्तर प्रगति, समृद्धि र दीर्घायुको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

ब्रह्माकुमारी राजदिदी तथा
सम्पूर्ण दैवी परिवार

## अमृत सूची


| विषय | पृष्ठ |
|---|---|
| १. महाशिवरात्रि : एक सर्वोत्तम पर्व | २ |
| २. परमात्मा मिलनको भाग्य | ६ |
| ३. भगवान्‌को अवतरण : महाशिवरात्रि | १० |
| ४. शिवरात्रि : महानतम पर्व | १२ |
| ५. सम्पूर्ण समाधान | १५ |
| ६. अन्तर्जगतको यात्रा (चित्र कथा) | १६ |
| ७. २०७२, शौभाग्य, अनुभव | १८ |
| ८. ईश्वरलाई सर्वव्यापी मान्नु ..... | २२ |
| ९. स्मृति दिवसका स्मृतिहरू | २५ |
| १०. एक बाबा दुसरा न कोई | २९ |
| ११. मूल्य शिक्षा माला (४) | ३० |



संरक्षक
**निर्देशक, ब्रह्माकुमारी राजदिदी**

सम्पादक
**ब्रह्माकुमार तिलक बहादुर शाही**

प्रकाशक
**ब्रह्माकुमारी राजयोग सेवा केन्द्र**
विश्व शान्ति भवन, ब्रह्माकुमारी मार्ग, ज्याठा, ठमेल, काठमाण्डौ
फोन : ४२४९०५८,४२६२३३०
E-mail : omshantisandesh@gmail.com, rajyoga@ecomail.com.np

कला निर्देशक
**प्रा. राधेश्याम मुल्मी**

कम्प्युटर डिजाइन एण्ड सेटिङ्ग
**ब्रह्माकुमार बाल कृष्ण श्रेष्ठ**

मुद्रण
**मल्टी ग्राफिक प्रेस प्रा. लि.**
बाफल, काठमाण्डौ फोन : ४२७४६५१


 ज्ञानको घृत र योगको बत्ती ठिक भयो भने खुशीको दीपक जग्दै रहन्छ ।

सम्पादकीय



# महाशिवरात्रि : एक सर्वोत्तम पर्व

हाम्रो मुलुकमा वर्षभरि अनेकौं चाड-पर्वहरू मनाइने गरिन्छ ती सबैको आ-आफ्नो महत्व छ, गरिमा छ, विशेषता छ तर गहिराइ सँग हेर्ने हो भने शिवरात्रिको महानता सर्वोपरि छ, सर्वोत्तम छ, सर्वश्रेष्ठ छ। अरू जति पनि पर्वहरू छन् ती सबै धर्मात्मा, महात्मा वा देवात्माहरूको यादगारको रूपमा मनाइन्छन् तर शिवरात्रि महात्माहरूका पनि पूजनीय, धर्मात्माहरूका पनि आराध्य, देवताहरूका पनि सम्माननीय देवाधिदेव सर्वेश्वर परमात्माको दिव्य जन्मको यादगारमा मनाइने गरिन्छ । शिवका पीठहरूमा दिनहुँ भक्तहरूको लाम लागेको हुन्छ तर शिवरात्रिको दिनमा जुन भीड-भडाका हुन्छ त्यसको वर्णन गर्न सकिदैन, अवर्णनीय छ। शिवका पीठहरूमा पाइला राख्ने ठाउँ समेत हुँदैन । शिवका द्वादश ज्योतिर्लिङ्गम्मा अति नै भीड हुन्छ। पशुपतिनाथको मन्दिरमा त असाध्य घुइँचो हुन्छ । भक्तहरूको यो असीम श्रद्धा, पुजारीहरूको यो अनन्य  भाव र श्रद्धालुहरूको यो उर्लदो भावना देखेर सायद भगवान् पनि आफ्नो वतन छोडेर उत्रेर आएका पनि छन् कि भन्ने भान हुन्छ ।

शिवरात्रिको अवसरमा सबैले आ-आफ्ना इच्छा, आकांक्षा र कामना राखेका हुन्छन् । शिवलाई आशुतोष  पनि भनिन्छ जो चाडै प्रसन्न हुनुहुन्छ । शिव भोलानाथ हुनुहुन्छ जो भक्तहरूको झोली भर्नुहुन्छ। शिव अशरीरी, अकाय, अभोक्ता, अजन्मा र अव्यक्त हुनुहुन्छ । शिवका मन्दिरमा जुन मूर्ति वा प्रतिमा हुन्छन् ती विलक्षण हुन्छन् । ती मूर्ति न पुरुष रूपका, न त स्त्री रूपका केवल अंगुष्ठाकार, अण्डाकार, बिन्दुरूपका हुन्छन् । किनकि उहाँ अत्यन्त सूक्ष्म ज्योतिर्बिन्दु निराकार हुनुहुन्छ । उहाँको ज्योतिर्बिन्दुको यादगार शिवका पीठहरूमा शिवलिङ्ग अर्थात् शिवका प्रतिमा हुन्छन् । भक्तहरू कठिन यातना सहेर पनि आराध्य देव शिवको दर्शन गर्न लामबद्ध लागेका हुन्छन् । त्यो दिनमा विशेष सरसफाइ, सात्विकता अथवा निराहारको पनि वातावरण रहेको हुन्छ। श्रद्धालु भक्तहरूको यो भावना देखेर त कस्तै नास्तिक पनि आस्तिक हुन बेर मान्दैनन्। फल-फूलका टोकरी प्रभु अर्पण गर्न पछि पर्दैनन्। यो दृश्य अत्यन्तै मनमोहक हुन्छ, यो क्षण अत्यन्तै विलक्षण हुन्छ, यो समय अत्यन्तै प्रेरणादायी हुन्छ। यसबेला भक्तवत्सल प्रभुको कृपा सबैमा उत्तिकै हुन्छ तर पनि पुरुषार्थको फलको महत्व आफ्नै छ । कर्मको फल अटल हुन्छ, कर्मको गति गहन छ ।

शिवरात्रि साक्षात् शिव परमात्माको दिव्य जन्मको यादगार पर्व हो। शिवरात्रि कल्याणकारी, मंगलकारी, शुभकारी शिव भगवान्को दिव्य अवतरणको महान् पर्व हो । शिवरात्रि सर्वोपकारी, सर्वेश्वर र सर्वशक्तिमान् ईश्वरको दिव्य अलौकिक जन्मको स्मरणोत्सव पर्व हो ।

शिवरात्रि सारा सृष्टिका समस्त आत्माहरूका पारलौकिक परमपिता परमात्मा शिवको दिव्य जन्म र अवतरणको यादगार दिवस हो । दुनियाँमा जुन पनि जन्म-जयन्ती वा जन्मोत्सव मनाइन्छ ती सबै मनुष्य आत्माहरू वा देवताहरूको जन्मदिनको यादगारमा मनाइन्छ तर शिवरात्रि मनुष्यबाट देवता बनाउने देवहरूका पनि देव, धर्मपिताहरूका पनि परमपिता, सर्व आत्माहरूका सद्गतिदाता परमपिता परमात्माको दिव्य एवं शुभ जन्मको यादगारको रूपमा मनाइन्छ । आत्माहरूको जन्म हुन्छ तर परमात्माको अवतरण । आत्माहरू परमधामबाट सृष्टिरूपी रंगमञ्चमा खेल खेल्न आउँछन् र खेलको समाप्ति पछि परलोकमा फर्केर जान्छन् । त्यसैले भन्ने गरिन्छ आत्मा भगवान्को घरबाट खाली हात आउँछ र खाली हात जान्छ । आत्माहरू खेल खेल्दा दुःख-सुखको चक्रमा आउँछन् अनि दुःख र सुख भोग्छन् । सुख र दुःख एक सिक्काका दुई पहलु हुन् । जसरी सिक्काका दुवै पहलु एक साथ पल्टिदैनन् । एक पछि अर्को पल्टिन्छ त्यस्तै दुःख र सुख संग-संगै आउँदैनन् । दुःख पछि सुख र सुख पछि दुःखको खेल निरन्तर रूपमा चल्छ । आत्माको स्वभाव सुख हो तर पनि उसलाई दुःख हुन्छ । परमात्माले कसैलाई पनि कुनै बेला दुःख दिदैनन् तर पनि मानिसहरू भन्ने गर्छन् दैवको लीला, प्रभुको लीला ।

परमात्मालाई संकट मोचन, दुःख निवारक र दुःख-हर्ता सुख-कर्ता आदि-आदि भन्ने गर्छन् । यसबाट पनि सिद्ध हुन्छ परमात्मा कहिल्यै कसैलाई दुःख दिनुहुन्न बरु मानिसमा भएको दुःखलाई दूर गर्नुहुन्छ । दुःख भएको समयमा नै मानिसहरू परमात्मालाई पुकार गर्छन्, प्रार्थना गर्छन्, सम्झिने गर्छन् तर सुखको बेला कसैले पनि सम्झिदैनन् । त्यसैले भनिन्छ पनि–दुःख में सुमिरण सब करे सुख में करे न कोई, यदि सुख में सुमिरण करे तो दुःख काय को होय । जब दुःखले सम्पूर्ण दुनियाँ व्याप्त हुन्छ, दुःखधाम बन्छ त्यसबेला दुःखी लाई सुखी र दुःखधामलाई सुखधाम कसले बनाउँछ ? दुःखधामलाई सुखधाम बनाउने ज्ञान, हिम्मत, शक्ति कुनै पनि व्यक्तिलाई हुँदैन केवल एक निराकार शिव परमात्माले मात्र गर्न सक्नुहुन्छ । मनुष्यात्मा यति निर्वल हुन्छन् जो झगडाको आगो लाग्यो भने त्यसलाई फैलाउन मात्र सक्छन् तर निभाउन सक्दैनन्, समाधान गर्न सक्दैनन् । निरह प्राणी झैं मुक दर्शक बनेर हेर्न मात्र सक्छन् । मनुष्य आत्मा भित्र केवल पाँच विकार छन् – काम, क्रोध, लोभ, मोह, अहंकार । यिनै विकार आत्माका महाशत्रु हुन्, महावैरी हुन् र महादुश्मन हुन् । यिनको आत्मामा व्याप्तता नै दुःख, अशान्ति र कलह-क्लेषको मूल आधार हो । अज्ञान अन्धकारको मूल कारण हो ।

संसारमा सबै मनुष्यात्मा, महात्मा, धर्मात्मा र देवात्माहरूको जन्म, दिनमा वा रातमा भए पनि २४ घण्टाको पूर्ण दिन मानेर जन्म-दिवस नै मनाइन्छ कसैको पनि जन्म-रात्रि मनाइँदैन तर शिव परमात्माको मात्र जन्मलाई कहिल्यै पनि जन्म-दिवसको रूपमा मनाइँदैन । केवल जन्म-रात्रि वा शिवरात्रिको रूपमा मनाइन्छ । यसको यथार्थता यही हो कि उहाँ कुनै हदको रातमा होइन बेहदको रातमा दिव्य जन्म लिनुहुन्छ । कलियुगी दुनियाँको

अन्तिम प्रहर जहाँ मनुष्य आत्माहरू अज्ञान अन्धकारमा रुमलिएका हुन्छन्, विषय विकारमा डुबेका हुन्छन्, दु:खधाममा छटपटिएका हुन्छन्, पापाचार र भ्रष्टाचारमा मुछिएका हुन्छन् यही बेहदको रातमा शिवको अवतरण हुन्छ । शास्त्रमा समेत द्वापर र कलियुगलाई ब्रह्माको रातको संज्ञा दिइएको छ। त्यसमा पनि कलियुगी अन्तिम प्रहर त घोर अज्ञान अन्धकारको रात हुन्छ, घटाटोप रात हुन्छ त्यही रातमा शिव भगवान्‌को अलौकिक जन्म भएर पूर्ण दिवसमा परिवर्तन गर्नुहुन्छ। दु:खधाम सुखधाममा, नरक स्वर्गमा परिवर्तन हुन्छ । कलियुग सत्ययुग बन्दछ ।

शिवरात्रि रूपान्तरणको पर्व हो, परिवर्तनको पर्व हो, दिव्यीकरणको पर्व हो । यसबेला आत्माहरूको रूपान्तरण हुन्छ दु:खी आत्मा सुखी बन्छन्, पतित आत्मा पावन बन्छन्, विकारी आत्मा निर्विकारी बन्छन् । संसारको आमूल परिवर्तन हुन्छ एक तमोगुणी संसार सतोगुणी बन्छ, मृत्युलोक अमरलोक बन्छ, नरक स्वर्ग बन्छ। त्यस्तै दुनियाँको दिव्यीकरण हुन्छ सामान्य मनुष्य देव पुरुष बन्छन्, पुजारी पूज्य बन्छन्, नर्कवासी स्वर्गवासी बन्छन् । यस आधारमा पनि शिवरात्रि असाधारण पर्व हो, सर्वोत्तम पर्व हो । सर्वशक्तिमान् निराकार परमात्माको साकार सृष्टिमा दिव्य जन्मको यादगार पर्व महाशिवरात्रि हो ।

संसारको समूल परिवर्तन सर्वआत्माका पारलौकिक पिताबाट हुने भएकोले उहाँको यो दिव्य जन्म शिवरात्रि कुनै एक-दुई धर्म विशेषको, एक-दुई क्षेत्र विशेषको, एक-दुई वर्ग विशेषको मात्र नभई समस्त आत्माहरूको साझा धरोहर हो । आज यो पर्व केवल केही धर्म विशेषमा मात्र सीमित भएको छ । यसको गहन रहस्यको बोध सबैमा हुनु आवश्यक छ । भगवान्‌को खोजी सबैलाई छ । भगवत् प्राप्ति सबैलाई उत्तिकै आवश्यक छ । सुख सबैलाई चाहिन्छ। दु:खी हुन कोही पनि चाहँदैनन्। सुख, शान्ति, आनन्द, खुशी परमात्माका सम्पति हुन्। यिनै सम्पति आत्माहरूलाई सुम्पिन, विकार र विकारी दुनियाँ समाप्त गर्न, सत्ययुगी संसारको रचना गर्न परमात्माको दिव्य अवतरण हुन्छ । यही अवतरण नै शिवरात्रि हो ।

जसरी परमात्मा सबै आत्माका माता-पिता हुनुहुन्छ, सबैका पालनहार हुनुहुन्छ, सबैलाई मुक्ति-जीवनमुक्ति, गति-सद्‌गति दिनुहुन्छ, सबै आत्माहरूभन्दा महान् हुनुहुन्छ त्यसरी नै शिवरात्रि सबै त्यौहारहरूको माता-पिता हो, सबै उत्सव मध्ये सर्वोत्तम छ। जसरी शिवको भण्डार भरपूर, काल कंटक दूर भनिन्छ त्यस्तै शिवरात्रि हीरा-तुल्य पर्व हो । जसबाट कौडीतुल्य मानव हीरा-तुल्य बन्छन् । दुर्गतिमा भएका मानव सद्‌गति प्राप्त गर्छन् ।

शिवरात्रिको उत्सवमा भक्तहरू सारा रात जागरण राख्छन्। अन्य रातमा निद्रा लागेन भने स्लीपिङ ट्याब्लेट दिएर पनि सुताउँछन् तर शिवरात्रिको रातमा निद्रा लागे पनि व्यूँझाउन कोशिस गर्छन् । यसबेला व्रत तथा उपवास पनि राख्ने गरिन्छ। अन्न त्याग, निद्रा त्यागबाट शिव भगवान् प्रसन्न हुन्छन् भन्ने मान्यता छ । भक्तहरूले सारा जीवन शिवरात्रिको दिन ब्रत, उपवास र जागरण बसे पनि उनीहरूको जीवनमा उत्थान भएको पाइँदैन । वास्तवमा मानवलाई तमोगुणमा सुताउने र रुलाउने त

मायारूपी ५ विकार हो । यसको त्याग गर्नु सच्चा व्रत हो । परमात्मालाई अनन्य भावले याद गर्नु सच्चा उपवास हो । देहको भानलाई भुलेर निरन्तर आत्म भावमा रहनु, आत्म-जागृतिमा रहनु सच्चा जागरण हो । पवित्रता नै व्रत हो । मन, वचन, कर्मले जो पवित्र छन् तिनै महान् छन् । यही यथार्थ व्रत हो, उपवास हो अनि जागरण पनि हो । यसैमा परमात्मा शिव खुशी हुन्छन् र वरदान दिन्छन् ।

शिवरात्रिमा भक्तहरूले शिवलिङ्गमा अक्सर गरेर सुगन्धित फूलभन्दा पनि जंगलमा पाइने अत्यन्तै विषालु आँक र धतुरो खोजी-खोजीकन चढाउने कोशिस गर्छन् । शिव भगवान्लाई यही अधिक मन पर्छ भन्ने मान्यता छ । जबकि देवी-देवताको मन्दिरमा बडो सुकोमल, सुगन्धित फूल र फूलको माला अर्पण गर्छन् भने देवाधिदेव परमात्मालाई सुगन्धित फूल किन मन पर्दैन अवश्य पर्छ । तर आँक र धतुरोलाई प्राथमिकता किन दिइन्छ ? शिवलाई यही मन पर्छ किन भनिन्छ ? आँक र धतुरो प्रतीक मात्र हुन् । वास्तवमा भयानक विष भनेका नै विकार हुन् जसले मानव तन र मनलाई कमजोर पार्छन् । यी विकार नै आँक र धतुराको प्रतीक हुन् । यी विकारलाई शिवमा चढाउनु वा छोडनु नै सच्चा-सच्चा निर्विकार बन्नु हो । यसैले शिवलाई विषहर पनि भनिन्छ ।

यस बेला शिवको बुटी सम्झेर गाजा, भाङ र चरेस पनि पिउने गर्छन् । जबकि यसलाई संसारले नसालु पदार्थको रूपमा मानेर अवैध घोषित गरेको छ । कुनै-कुनै देशले त यसको कारोवार गर्नेलाई मृत्युदण्ड समेत दिने गरेको पाइन्छ भने यस्तो चीजलाई शिवको बुटी कसरी मान्न सकिन्छ । वास्तवमा यसको भावार्थ बडो गहिरो छ । यो प्रतीकात्मक रूपमा प्रयोग भएको छ । मानव आत्मामा भएका मनोविकार नै यथार्थमा गाजा, भाङ र चरेस समान मन्द विष हुन् । जसलाई दान गर्न वा छोड्न शिव भगवान्ले आत्माहरूलाई प्रेरित गर्नुभएको हो । विकारलाई छोड्नाले नै आत्माहरू निर्विकारी बन्छन् । पावन बन्छन् । भगवान् त अभोक्ता, अशरीरी, अव्यक्त र निराकार हुनुहुन्छ । निराकार अर्थात् जसको शरीर नै छैन उनले गाजा, भाङ र चरेस खान्छन् भनेर मान्नु कति युक्तिसंगत हुन्छ यो जान्नुपर्ने कुरा हो । शिवरात्रि कुनै गाजा, भाङ र चरेस आदि खाएर मनाउने पर्व होइन तर यो गहन आध्यात्मिक रहस्यले ओतप्रोत भएको विलक्षण पर्व हो ।

आज संसार अत्यन्तै दुःखी छ, रोगी छ, पतित छ, अभावग्रस्त छ । यसबाट मुक्त गर्न मुक्तेश्वर शिव भगवान् यस वसुन्धरामा कलियुगको अन्त्य र सत्ययुगको आदिको वर्तमान पुरुषोत्तम संगम युगमा प्रजापिता ब्रह्माको तनमा दिव्य अवतरण हुनुभएको छ । यस रहस्यलाई जानेर आफ्नो जीवन महान् बनाऔं, पावन बनाऔं, दिव्य बनाऔं । सारा विश्वलाई नै पावन बनाउने परमात्म अवतरणको यो पर्व शिवरात्रि सर्वोत्तम, सर्वश्रेष्ठ र सर्वोच्च हो ।



# परमात्म मिलनको भाग्य

ब्रह्माकुमार रामसिंह ऐर

प्राचीनकालमा गरिएको परमात्म मिलनका प्रयत्न, साधना र चिन्तनको आफ्नै विशिष्टता भएता पनि परम सत्ताको यथार्थ पहुँचबाट टाढै भएका अभिव्यक्तिहरू प्रस्तुत गरिएका पाइन्छन् । अति गहन चिन्तन र साधनाका बावजुद पनि यस सत्यको यथार्थतालाई ठ्याक्कै ठम्याउन न सक्दा ऋषि-मुनिहरूको यस्तो भनाइ पाइन्छ । नेति-नेति (Not This Not That ) अविन्न विश्वास राखी नौधा भक्ति गर्दा नौधा भक्तलाई परमसत्ताबाट उसले आस्था गरी ध्यान गरेको देवताको त्यही रूपमा साक्षात्कार गराए पनि त्यही रूपमा आफू न भएको कुराको जिकिर गरिएको छ। साक्षात्कारको अलौकिक दृश्यमा भक्तले आफ्नो प्रभु दर्शनको अभिलाषा पूरा गरेता पनि अगाडिको कुनै निर्धारित लक्ष्य न रहेको कुरा स्पष्ट हुन आउँछ। परमसत्ताको प्रत्यक्ष रूपमा पालना शिक्षा, मार्गदर्शन र वरदानले सम्पन्न हुन न सकेको सत्य अनुभव हुन्छ। जे होस् प्रार्थना, ध्यान, भक्ति, उपासना, व्रत आदिको प्रचलनको चिन्तन र परिपालनबाट नै सर्वोच्च सत्ताको प्राप्ति हुन सक्ने विश्वास राखी आस्थावान र श्रद्धावान पुरुषार्थीहरू आफ्नो पुरुषार्थमा निरन्तर अग्रगतितिर बढिरहन्छन्। विश्वास के पनि गरिन्छ भने मानिसको जीवनमा वास्तविक सुख, शान्ति, समृद्धि, तृप्ति र सन्तुष्टि परमसत्ताको यथार्थ जानकारी र उससंगको सम्बन्ध विना सम्भव हुँदैन ।

वस्तुतः मानव स्वभाव प्राप्ति, उपलब्धि र सफलताका लागी निरन्तर प्रयत्नशील रहन्छ। आफूले निर्धारण गरेको लक्ष्य प्राप्तिका लागि व्यक्ति मनसा, वाचा र कर्मणा दत्तचित्त रही आफूलाई समर्पित गर्दछ । उसले आशावादी मनस्थितिलाई निरन्तरता दिएको हुन्छ । वास्तविकता के पनि हो भने कुनै पनि महान् कार्यका लागि उठाएको कदममा अनेक प्रकारका बाधा, व्यवधान र समस्याहरू पनि ओइरिन थाल्दछन् । अनेक प्रकारका चुनौती र धक्काहरूको समेत सामना गर्नुपर्ने हुन्छ । लक्ष्यको प्राप्तिका लागि अग्रगति लिंदा त्यसलाई रोक्न अनेक प्रकारका षड्यन्त्रहरू पनि हुने गर्दछन् । मानौ शुभ कार्य सम्पादनको क्रममा अनेकौ परीक्षारूपी पेपर पास गनुपर्ने अवस्था हुन्छ । कर्म सिद्धान्त अनुसार जुन कुनै पनि उपलब्धिका लागि सबै प्रकारको संकल्प, शक्ति, समय र स्वासको लगानी लगाउनुपर्ने हुन्छ। उपलब्धि जादूको छडी हुन सक्दैन । कर्म सिद्धान्तले हामीलाई कर्म अनुसारको फल वा परिणाम प्राप्त हुने यथार्थतालाई बोध गराइरहेको हुन्छ । तर कर्मको पछिल्तिरको आशय के हो त्यो पनि अति महत्वपूर्ण पक्ष हो । यदि स्वार्थवश पक्षपात ढंगले आफ्नो स्वार्थ परिपूर्ति गर्नका लागि कुनै पनि कार्य गरिन्छ भने त्यसको परिणाम दुःखद र चिन्तादायी नै हुन्छ । अल्पकालीन केही उपलब्धि र खुशी भए पनि अन्ततः कष्ट र पीडा नै महसुस हुने गर्दछ । साथै निस्कामभाव, कल्याणकारी, सेवामुखीभावका साथ कर्म गरिन्छ भने त्यसबाट आन्तरिक खुश, सन्तुष्टि स्थायी सुखको अनुभव हुन्छ । अर्थात् सत्कर्म र पुण्यकर्म गर्नाले अनेक मानिसहरूको शुभ आशीर्वाद र शुभेच्छा प्राप्त हुन्छ तथा आफूलाई आन्तरिक रूपमा हलुका र तनावमुक्त भएको

अनुभव हुन्छ । किनकि कर्मले मानिसलाई तुरुन्तै कर्म अनुसारको Feeling को प्रतिक्रिया दिने गर्दछ। सर्वोच्च सत्ताबाट प्राप्त ज्ञानले मानिसलाई सही मार्ग दर्शन दिई कर्मको गहन गतिको जानकारी मिल्दछ तथा हर काल परिस्थितिमा सत्कर्म गर्न उत्प्रेरणा दिने गर्दछ ।

जसलाई सर्वोच्च सत्ता मिलनको अहोभाग्य प्राप्त हुन्छ उसको जीवनमा सबै कुरा प्राप्त हुन्छ। भनिन्छ जीवनमा सबभन्दा ठूलो सम्पत्ति नै सत्य ज्ञानको सम्पत्ति हो। जो आफैंमा अविनाशी हुन्छ। भौतिक सम्पत्ति नासिने, चोरिने, घाटा पर्ने वा अन्य कारणबाट नष्ट हुने सम्भावना रहन्छ तर ज्ञानको सम्पत्ति जति खर्च गऱ्यो त्यति नै वृद्धिलाई प्राप्त गर्दछ। यसलाई कसैले चोर्न वा हर्न सक्दैन। सत्य ज्ञान भन्नाले भौतिक जगत्को भौतिक ज्ञान, सीप र कलाको मात्रै कुरा होइन त्यो पनि सांसारिक कार्य व्यवहारका लागि आवश्यक नै हुन्छ । तर परमात्माबाट प्राप्त हुने आध्यात्मिक ज्ञान जसले मानिसको तेस्रो आँखा (Eye Of The Wisdom) खोल्ने काम गर्दछ जसबाट सम्पूर्ण अज्ञानको अन्धकार समाप्त हुन्छ तथा जीवनको पूर्ण सफलताको सही सूत्र प्राप्त हुन्छ। यसबाट सबै प्रकारको Confusion हरू समाप्त हुन्छन् तथा व्यक्ति निश्चय बुद्धि बनेर आफ्नो उज्ज्वल भविष्यको मार्गमा निर्धक्कसँग गतिशील हुन्छ ।

हुन त संसारमा ज्ञानका अनेक क्षेत्रहरू छन् । भौतिक, रासायनिक, राजनैतिक, सामाजिक, इतिहास, भूगोल, स्वास्थ्य, इन्जिनियरिङ आदि आदि । तिनीहरूको आफ्नै विशेषता र आवश्यकता छ । वर्तमान युगमा यस क्षेत्रमा प्रशस्त उपलब्धि र सन्तोषजनक परिणाम प्राप्त भएको छ । यस विषयमा धेरै भनिरहनु पर्दैन । प्रत्येकले आफ्नो दैनिक जीवनमा तिनीहरूको अध्ययन, अध्यापन र प्रयोग गरिरहेका छन् । तर यहाँ अभाव (Missing Link) भनेकै सत्य आध्यात्मिक ज्ञानको हो । जसले व्यक्तिलाई उसको शाश्वत अस्तित्वको वोध गराउँदछ । व्यक्तिलाई परिवर्तनशील, नश्वरवान, देहभान (Body Consciousness) को चेतनाबाट एक नित्य अविनाशी, अविभाज्य, आत्मभान (Soul consciousness) को उच्च चेतना प्रदान गर्दछ । जसबाट व्यक्तिमा देह अंहकारबाट उत्पन्न भएका सीमित र कनिष्ठ तहका जाति, धर्म, रंग, लिंग, आदि भेदभावका अवरोधहरू समाप्त हुन्छन् । साथै देहभानको कारण उत्पन्न अशुद्ध मनोवृत्ति, विकारजन्य कमजोरीहरू काम, कोध, लोभ, मोह, अंहकार र ईर्ष्या आदि परिवर्तन हुदै जान्छन् । तथा मानव जीवनमा उसका शाश्वत मूल्य र गुणहरू ज्ञान, शान्ति, प्रेम, पवित्रता खुशी, शक्ति र आनन्द जस्ता स्वलक्षणहरू अंकुरित हुँदै विकसित रूपलाई प्राप्त गर्दछन् । यसमा परम सत्ताद्धारा प्राप्त सत्य ज्ञान र मार्ग निर्देशनको अहंम् भूमिका हुन्छ ।

परमात्म मिलनको भग्यको तात्पर्य परम सत्ता, सर्वोच्च सत्ताको यथार्थ जानकारीका आधारमा उहाँसँगको सम्बन्ध स्थापन हुनु हो । सर्वोच्चसत्ताका विषयमा विद्यमान अनेक विरोधाभासको निरूपणका साथ उसको सर्वमान्य ज्योतिर्मय स्वरूप (The Divine Light ) लाई स्वीकार गर्नु हो । अर्थात् परम प्रकाशमय स्वरूप, परम कल्याणकारी, मंगलकारी सत्यम् शिवम् सुन्दरम् जो सबै धर्म र मान्यताको बीजरूप हो, त्यसको पहिचान हुनु हो । संसारका सबै मूल धर्मले स्वीकार गरेका, सबै अति प्राचीन सभ्यता संस्कृतिमा उपलब्ध परमात्माको स्मरण चिह्न शिवलिंग ज्योतिर्लिंगको तथ्यबाट परमसत्ता प्रकाशमय स्वरूपमा हुनुहुन्छ भन्ने कुरा प्रमाणित हुन्छ । जसको भौतिक देह शरीर हुदैन । उहाँ निराकार (Incorporeal ) अर्थात् प्रकाशको पुञ्ज हुनुहुन्छ तर चैतन्य र सर्वोपरि अर्थात् ज्ञान, शान्ति, प्रेम, खुशी, पवित्रता र आनन्दको सागर हुनुहुन्छ तथा सर्वशक्तिमान् (Almighty Authority) हुनुहुन्छ। संसारका सबै मानव आत्माका पारलौकिक

पिता हुनुहुन्छ । यस्तो सत्यबाट परमात्मा परमसत्ता प्रतिको सबै प्रकारको विरोधाभास र संशय समाप्त हुनगई एक परमात्मा एक विश्व परिवार (One God One Global Family) को अवधारणाले मूर्तता प्राप्त गर्दछ । विश्व एकताको कार्य सिद्ध हुन्छ ।

सृष्टिको बृहत् नाट्यशालामा युगौंदेखि अभिनय गर्दै आएका मानव आत्माहरू अनेकौं जन्मको लामो समयसम्म परमात्मा प्रतिको आस्था, श्रद्धा, भक्तिभावको प्रतिफल कल्पान्तमा अर्थात् कलियुगको अन्त्य र सत्युगको आरम्भको सन्धिकाल पुरुषोत्तम संगमयुगको शुभघडीमा मानव प्राणीलाई साकारमा परमात्म मिलनको शुभ अवसर प्राप्त हुन्छ । तर परमात्मा आफैमा अशरीरी, अजन्मा, अभोक्ता र नस-नाडीको बन्धनबाट मुक्त सत्ता हुनाका कारण उहाँको मानवकृत जन्म हुदैन । अर्थात् कुनै पनि माताको गर्भबाट उँहाले जन्म लिनुहुन्न । उँहाको धरतीमा अवतरण दिव्य अलौकिक विधिद्वारा अत्यन्तै निराला र अनौठो विधिद्वारा हुन्छ । एक साधारण मानवी कायमा प्रविष्ट अर्थात् सन्निविष्ट भई उहाँले आफ्नो दिव्य कर्तव्य गर्नु हुन्छ । अर्थात् साधारण मानवी कायामा प्रवेश गरी उहाँका माध्यमबाट मानवलाई देवता बन्ने पुरानो तमोगुणी पतित सृष्टिलाई सतोगुणी सतयुगी श्रेष्ठाचारी दुनियाँ बनाउने सत्य ज्ञान र राजयोग विद्या सिकाउनुहुन्छ । यस गुप्त रहस्यमय तर सम्पूर्ण सत्य कर्तव्यलाई बहुत कम मानिसले मात्रै ठम्याउन सक्दछन् । यद्यपि परमात्माले सबैका लागि समान अवसर दिनुहुन्छ । जसले यस अति मूल्यवान रहस्यलाई बुझ्दछन् त्यसको पूरा पूरा लाभ लिन सफल हुन्छन् ।

परमसत्तासंग मिलन गराउने सुन्दर, सरल र सही सूत्र राजयोग अभ्यासको विधि नै हो । यस प्रक्रियामा व्यक्तिले स्वयम्लाई निधारको मध्यमा सूक्ष्म प्रकाशमय चैतन्य शक्तिका रूपमा स्मरण गर्दै प्यार विभोर र भाव विभोरका साथ परमधाम स्थित महाज्योति, दिव्यज्योति परमात्मामा मन र बुद्धिलाई एकाग्र गर्दछ । अनेक सांसारिक मामिलामा अल्झिएको मनलाई ती सबैबाट छुटकारा दिई एक ज्योतिर्मयमा एकचित्त हुनाले परमात्माका सम्पूर्ण शक्ति र गुणहरूलाई स्वयंमा समाहित गर्न सकिन्छ । यो अति उच्चकोटीको अभ्यास हो । अनेक तर्फ बाडिएको मनलाई एकमा नै जोड्न सफल हुनु हो । अतः परम सत्तासँगको मिलन अन्तर मनले उससंग सर्व सम्वन्ध स्थापन गरी उसैसँग Communicate हुनु हो तथा उसँग आन्तरिक वार्तालाप गर्नु हो । राजयोग Double way Communication को प्रकिया हो । यस विधिलाई यथार्थ रूपले अभ्यास गर्दा मानिस सर्वोपरि अविनाशी लाभ प्राप्त गर्न सफल हुन्छ ।

प्रभु मिलनको तात्पर्य व्यक्तिले आफूलाई अन्तर आत्मादेखि नै सकारात्मक रूपमा परिवर्तन गर्नु हो । अर्थात् मानिसको सोचमा शुद्धि र सकारात्मकता हुनु हो । भावनामा विशालता सबैको कल्याण र भलो चिताउनु हो । साथै मनोवृत्ति हर परिस्थिति र अवस्थामा प्रतिकियावादी नभएर स्वीकार्यवादी हुनु हो । निरन्तर आशावादी बनेर भविष्यको चित्रलाई उज्ज्वल देख्नु हो एवं दिव्य बुद्धि प्राप्त गरी काल, परिस्थितिमा यथार्थ निर्णय लिन सक्नु हो । जसले जीवनमा परमात्मा मिलनको शुभ अवसर प्राप्त गरेको हुन्छ उसका सबै कर्महरू सत्कर्म हुन्छन् अर्थात् उसको कर्म-व्यवहार सबैका लागि सुखदायी र प्रेरणादायी हुन्छ । उसको चारित्रिक छवि अत्यन्तै धवल र स्वच्छ हुन्छ । उसको चेहरा, चलन तथा सम्पूर्ण व्यक्तित्वमा अलौकिकता र दिव्यताको झलक र पवित्र प्रकाशको आभामण्डल देख्नमा आउँछ । उसका स्वभाव-संस्कार शान्त, निर्मल र उच्च कुलोचित हुन्छन् । मानौ परमात्म सानिध्य र समीपताको निरन्तरताबाट व्यक्तिको व्यक्तित्व प्रभु गुणको जल्दोबल्दो नमुना बन्न पुग्दछ । परमात्म मिलनको अहोभाग्यबाट व्यक्तिका आन्तरिक सबै


ज्ञान स्वरूप बनेर व्यर्थलाई स्वाहा गऱ्यौ भने समय बच्नेछ ।

चाहना पूर्ण हुन्छन् । उसको जीवनमा इच्छा मात्रम् अविद्या हुन्छ र उसले जीवनमा सन्तुष्टता र तृप्तिको अनुभव गरिरहेको हुन्छ । उसमा बेहदको त्याग वृत्ति हुन्छ तथा स्रोत साधनलाई सेवाभाव र अनासक्त भावले प्रयोग गर्दछ । सुख-सुविधाका साधनसँग घृणा भाव होइन अपितु आसक्ति र आकर्षण हुँदैन । प्रभु मिलनको आनन्दमा रमेको व्यक्तिले जस्तो सुकै परिस्थितिका बीच पनि आफूलाई समभाव, एकरस र स्थिर स्थितिमा राख्न सक्दछ ।

बास्तवमा मानव जीवनको पूर्णता आध्यात्मिक उत्कृष्टता र भौतिक विपुलताको विचमा समरूपता तालमेल गर्न सकेमा मात्र प्राप्त हुन्छ । जीवन जगतको संचालनमा दुवै पक्षको आवश्यकता पर्दछ नै । जीवन निर्वाह र संचालनका लागि सुख-सुविधाका भौतिक पदार्थहरू धन, दौलत, महल माणिक्य हुनु राम्रो पक्ष हो । तर तिनीहरूको (Too Much) प्रभावमा आएर भोग, वासना,,कामना र तृष्णामा छटपटिनु, पदार्थको गुलाम बन्नु त्यसको बशमा पर्नु हो । यदि मानिसमा आध्यात्मिक शालीनता, शक्ति, दिव्यता र सदाचार छ भने उसले वस्तु वैभवको वास्तविक सुख-भोग गर्न सक्दछ । वस्तु वैभवको वीचमा पनि उसको जीवन संयमशील, स्वअनुशासित, गुणवान, चरित्रवान बनेर अनुपम आनन्द र सुखको अनुभव गर्न सक्दछ ।

परमसत्तासँग मिलनको भाग्यबाट मानिस आफ्ना सम्पूर्ण अनिष्टबाट मुक्त हुन्छ तथा जस्तो सुकै बलवान आसुरी शक्ति भए पनि त्यस माथि विजय हासिल गर्न सक्दछ तथा सफलताको सिद्धिलाई प्राप्त गर्दछ। यहाँ महाभारतको एक प्रसंग सान्दर्भिक लाग्दछ। महाभारत हुने निश्चित भएपछि पनि एक पटक अर्जुन र दुर्योधनलाई श्रीकृष्णले एक अवसर प्रदान गर्न बोलाउनुभएछ। बोलाए अनुसार एकदिन सबेरै दुवै जना श्रीकृष्ण कहाँ गएछन् । श्रीकृष्णले दुर्योधन र अर्जुन दुवै जनालाई सोध्नुभएछ, तिमीहरू मध्ये कसलाई के चाहिन्छ एकातिर अति शक्तिशाली अनेकौ हातहतियारले सुसज्जित मेरो नारायणी सेना छ र अर्कोतिर म निशस्त्र कुनै पनि शस्त्र अस्त्र नउठाउने प्रतिज्ञा गरेको व्यक्ति छु । तिमीहरू कसलाई युद्ध मैदानका लागि ? दुर्योधनले तुरुन्तै नारायणी सेना लिने निर्णय गर्‍यो र श्रीकृष्णले त्यही स्वीकृति दिए । अर्जुनले विनम्रता पूर्वक निवेदन गर्दै भन्यो प्रभु मलाई हजुर नै भए काफी हुन्छ । मलाई कुनै अन्य बल-शक्तिको आवश्यकता छैन । भगवान्ले तथास्तुको वरदान दिएछन् । कथा वस्तुबाट सबैलाई थाहा छ विजय कता तिर भयो ? जसका साथमा स्वयं श्रीकृष्ण थिए। वास्तवमा यो त एउटा हिंसक युद्धको व्याख्यानसँग जोडिएको प्रसंग छ । तर तात्पर्य र भाव के भने जहाँ परमात्मा सत्य ज्ञानबाट मानिसले सत्मार्ग, सत्कर्म गर्दछन् त्यहाँ अनेक प्रकारका मायावी, आसुरी र दुराचारी शक्तिहरूको सामना गर्नुपर्दछ । अशुद्ध शक्तिका सत्कर्मलाई विथोल्ने अनेक प्रकारका विघ्न, बाधा आई पर्दछन् । तर जसले परमसत्ता परमात्माको श्रीमत र आज्ञालाई पूर्ण निष्ठा र विश्वासका साथ पालन गर्दछ मायावी शक्तिको भयंकर आक्रमणलाई पनि निर्भय, धैर्य र साहसपूर्वक सामना पर्दछ। अन्त्यमा विजय श्री उसैको हातमा आइपर्दछ। अतः वर्तमान परिवेशमा परमात्मा मिलनको भाग्यलाई प्राप्त गरी जीवनका सम्पूर्ण अनिष्ट माथि विजय प्राप्त गरी देवआत्मा बन्ने अनुपम पुरुषार्थ गरौं तथा जन्म जन्मान्तरका लागि सुख, शान्ति र समृद्धिलाई प्राप्त गरौं । समय बहुत कम छ । विलम्व नगरौं । सबैमा महाशिवरात्रि पर्वको हार्दिक मगंलमय शुभकामना ।



# भगवान्को अवतरण : महाशिवरात्रि

प्रा. गोपीकृष्ण शर्मा गौतम, ज्ञानेश्वर



महाशिवरात्रि पर्व भगवान् शिव परमात्मा अवतरण भएको महत्वपूर्ण पर्व हो । यस पर्वमा आराध्यदेव पशुपतिनाथको मन्दिरमा दर्शनार्थीहरूको ठूलो भीड लाग्छ । स्वदेश र विदेशका श्रद्धालु भक्तजनहरू आएर पशुपतिनाथको दर्शन गर्छन् र आफूलाई कृतकृत्य तुल्याउँछन् । यो शिवरात्रि पर्व परमपिता परमात्मा शिवको दिव्य अवतरणको पर्व पनि हो । अज्ञान अन्धकार रूपी रात्रिको समयमा भगवान् यस धरामा अवतरित हुने हुनाले रात्रि शब्द जोडेर शिवरात्रि भनिएको हो । कृष्ण पक्षका सबै जसो चतुर्दशी सामान्यतः शिवरात्रि भनिन्छन्, तिनमा पनि फाल्गुन कृष्ण पक्षको चतुर्दशी तिथि चाहिँ भगवान् अवतरणको दिन हुनाले यस दिनलाई महाशिवरात्रि भनिएको हो । यसै दिनलाई यहाँ शिवरात्रि शब्दले पनि सङ्केत गरिएको छ। शिवरात्रिमा रात्रि शब्द जोडिएको छ। अज्ञान र पापाचार बुझाउने अन्धकारको प्रतीक रात्रिका अवसरमा भगवान्को अवतरण हुने भएकोले शिवरात्रि भनिएको हो। अन्य नामहरूसँग सम्बन्ध राख्ने कृष्णाष्टमी, रामनवमी आदिमा दिनको समय लिइएको छ। कृष्णरात्रि आदि भनिएको पाइँदैन । रात्रिको समयमा, खास गरी अज्ञानी र पतित दुनियाँ रहेको अन्धकारमय स्थितिमा आह्वान गरे अनुसार पतितपावन भगवान् परमात्माको ब्रह्मातनमा अवतरण भएको हो । त्यसो हुनाले यस दिनलाई हामी महाशिवरात्रि पर्वका रूपमा मनाउँदै आएका छौं । हरेक वर्ष शिवरात्रि पर्वका अवसरमा शोभायात्रा, दिव्य झाँकी प्रदर्शन, ईश्वरीय ज्ञानबारे प्रवचन, व्याख्यान, राजयोग अनुष्ठान आदि शुभ कार्य गरेर यस पर्वलाई मनाउने गरिएको छ । वास्तवमा ब्रह्मावत्स आत्माहरूका लागि महाशि रात्रि पर्व चाहिँ ईश्वरीय अनुभूति गर्ने प्रेरणाप्रद महत्वपूर्ण पर्व पनि हो । यस पर्वले ज्ञान, योग, धारणा र सेवाका लागि ऊर्जा प्रदान गरेको हुन्छ।

शिवरात्रिको महत्व अनि मात्र बढी स्पष्ट हुन्छ जब हामी भगवान् शिव परमात्माको सही परिचय पाउँछौं । परमपिता परमात्माबारे बेखबर भएर शिवरात्रिको पनि परिचय गर्न सकिदैन । आत्मा र परमात्मा दुवैको राम्रो परिचय हुनुपर्छ । आत्मा के हो ? यसरी आत्माको परिचय हामीलाई थाहा छ । म आत्मा हुँ, यो देह आत्माको वस्त्र हो । आत्मा देहमा बसे पनि देहभन्दा अलगै छ । यो अविनाशी, निराकारी र ज्योति बिन्दु स्वरूप छ । यो कुरा प्रायः सबैले जानेका हुन्छन् । तर परमात्माको परिचय बारे त्यति जानकारी नभएको हुन सक्छ ।

परमात्मा शिवका विषयमा भनिएको छ - भगवान् सत्यम् शिवम् सुन्दरम् हुनुहुन्छ । भगवान्

शिव त्रिमूर्ति रचयिता हुनुहुन्छ र ब्रह्मा, विष्णु शङ्कर उहाँका रचना हुन् । भगवान्ले नै ब्रह्माद्वारा स्थापना, विष्णुद्वारा पालना र शङ्करद्वारा विनाश गर्नुहुन्छ । भगवान् शिव परमात्मा निराकार हुनुहुन्छ । उहाँको आकार ज्योतिबिन्दु हो अर्थात् उहाँ ज्योतिर्बिन्दु स्वरूप हुनुहुन्छ । बिन्दुको लम्बाइ, चौडाइ र मोटाइ हुँदैन । खालि अस्तित्व मात्र हुन्छ । परमात्माका पनि अङ्ग-उपाङ्ग छैनन्, कर्मेन्द्रिय छैनन् । देह नै छैन अनि हात मुख आदि हुने कुरै भएन । कर्म गर्न अरूको मद्दत लिनुपर्ने हुन्छ । परमात्माले पनि प्रजापिता ब्रह्माको मद्दत लिएर सत्यज्ञान प्रदान गर्नुहुन्छ ।

सत्यम् शिवम् सुन्दरम् को चर्चा गरौं । सत्यम्- परमात्मा शिव नै सत्य हो भूत, वर्तमान र भविष्यमा रहने त्रिकाल सत्य । परमात्मा नै परम सत्य हो । परम सत्य भन्नाको कारण के हो भने शिव परमात्मा स्वयम् आएर प्रजापिता ब्रह्माद्वारा सम्पूर्ण सत्य ज्ञान प्रदान गर्नुहुन्छ । शिवम् को अर्थ हो कल्याणकारी । परमात्मा शिवबाट नै सर्व प्राणीहरूको कल्याण हुन्छ । परमात्मा नै सुन्दरम् पनि हो । शिव परमात्मा सर्व गुणहरूका सागर भएकाले उहाँलाई सुन्दरम् भनिएको हो । दैवी गुणको शृङ्गार उहाँमा छ । उहाँले नै सत्यज्ञान प्रदान गरेर आत्माहरूलाई पावन बनाउनुहुन्छ । यही कारणले परमात्मासँग सत्यम् शिवम् सुन्दरम् रहेको हो ।

परमात्मा देहभन्दा पृथक् (न्यारा) हुनुहुन्छ। तैपनि दिव्य कार्य गर्नको लागि परमात्माले देहको आधार लिनुपर्ने हुन्छ। त्यसकै लागि उहाँ प्रजापिता ब्रह्माको साधारण तनमा प्रवेश गर्नुहुन्छ, अवतरण हुन्छ । ज्ञान दिएपछि उहाँ आफ्नो परमधाम जानुहुन्छ । सधैं तनमा रहने स्थिति पनि हुँदैन । उहाँ आउनुहुन्छ र आत्मालाई ज्ञान दिनुहुन्छ । ज्ञानबाट नै मनुष्यलाई सद्गति प्राप्त हुन्छ । ज्ञान र योगबल द्वारा उहाँले आत्मा र प्रकृतिलाई पावन बनाउनुहुन्छ अनि सत्ययुगी दुनियाँको स्थापना गराउनुहुन्छ । परमात्माको परिचय भनेको सत्य ज्ञान हो । उहाँको ज्ञानबाट सत्यको खोज सम्पूर्ण बन्छ । परमात्माको ज्ञान सम्पूर्ण ज्ञान हो, भक्तिको क्षणिक ज्ञान होइन । यो ईश्वरीय ज्ञान चाहिँ १) आत्मा, २) परमात्मा र ३) सृष्टिको आदि-मध्य-अन्तको ज्ञान हो । यस ज्ञानबाट हामी परमात्माको परिचय पाउन सक्छौ । उहाँले नै आत्मालाई पावन बनाउनुहुन्छ । जहाँ पवित्रताको ज्ञान दिइरहिएको छ, जहाँ पवित्र बनिरहेका छन् त्यही नै परमात्माको परिचय हो । उहाँ आएर नै मनुष्यलाई देवता बनाउनुहुन्छ । यसबाट हामी परमात्माको परिचय पाउन सक्छौं । अन्य धर्मगुरु र परमात्मामा महान् अन्तर छ । भगवान्ले चरण स्पर्श गराउनुहुन्न । किन भने उहाँको शरीर नै छैन । अन्यको पनि चरण स्पर्श गराउनुहुन्न । उहाँले सबैमा आत्मिक भाव जागृत गराउनुहुन्छ ।

यस धरामा परमात्माको सबै कार्य दिव्य र अलौकिक छ । युग परिवर्तन गर्नु, पापात्माहरूलाई पावन र पुण्यात्मा बनाउनु अनि मनुष्यलाई देवता बनाउनु परमात्माका दिव्य कार्य हुन् । यो कार्य लौकिक रूपमा गर्न सकिदैन । यी मानिसबाट हुने काम पनि होइनन् । त्यसैले यी कार्य दिव्य र अलौकिक भएका हुन् । यो काम परमात्माबाट मात्र सम्भव हुन्छ । सर्व आत्माहरूलाई योगबलद्वारा पाप नाश गराएर तिनलाई कर्मातीत तथा सम्पूर्ण बनाउने काम लौकिक होइनन् बरु दिव्य हुन् । यी कार्य मनुष्यले गर्न सक्दैनन् । त्यसैले अलौकिक छन् । धर्मगुरुहरूले चमत्कार देखाउन सक्लान् र सानातिना इच्छा पूरा गराउलान् तर युग परिवर्तन

बाँकी अंश पेज १४ मा ...

# शिवरात्रि : महानतम पर्व

बी. के. भगवान भाइ, शान्तिवन

कालचक्र घुम्दै जान्छ केवल स्मृति रहन्छ। यसै स्मृतिलाई ताजा गर्नको लागि यादगार बनाइन्छ, कथा लेखिन्छ, जन्मदिन मनाइन्छ, जसमा स्नेह, श्रद्धा र सद्भावको पुट हुन्छ । तर त्यो दिन पनि आउँछ जुन बेला स्नेह र श्रद्धाको पनि अन्त हुन्छ, केवल परम्परा मात्र रहन्छ । आज पर्व त्यसै परम्परालाई निर्वाह गर्न मनाइन्छ। हाम्रो देश एक अध्यात्म प्रधान देश हो । यहाँ जति पर्व मनाइन्छ त्यो अरु कुनै ठाउँमा मनाइँदैन । समय-समयमा त्यही आध्यात्मिकताको किरणलाई जागृत गरिन्छ । शिवरात्रि ती विशिष्ट त्यौहार मध्ये एक महानतम पर्व हो ।

शिव को हुन्? उनले के गरे र कहिले गरे ? यदि यो कुरा जान्ने भएका भए यो शिवरात्रिको उत्सव केवल पूजा-पाठको पर्व हुँदैनथ्यो। दिनानुदिन बढ्दै गएको अराजकता, उच्छृंखलता, अनुशासनहीनताको समाधान भइसकेको हुन्थ्यो ।

महाशिवरात्रिको नाम जसरी महान् छ त्यसैगरी यो महानतम पर्व समस्त संसारका आत्माका पिता परमात्माको स्मृति दिलाउँछ । नेपाल र भारतमा शिवका लाखौं मन्दिर पाइन्छन् । सायद यस्तो कुनै मन्दिर छैन जहाँ शिवको प्रतिमा नभएको होस् । सायद यस्तो कुनै ग्रन्थ छैन जसमा शिवको गायन नगरिएको होस् । देशको कुना-कुनामा शिव भगवान्‌को आराधना भिन्न-भिन्न नामले गरिन्छ । पशुपतिनाथ, अमरनाथ, विश्वनाथ, सोमनाथ आदि शिवका नै मन्दिर हुन् । कृष्ण र रामका पनि इष्ट परमात्मा शिव नै हुनुहुन्छ । गोपेश्वर र रामेश्वरम् जस्ता विशाल मन्दिर यसका साक्षी रूपमा विद्यमान छन् । विश्वपिता शिवको मक्कामा संग-ए-असवद, मिश्रमा औसिरिस र बेबिलोनमा शिअन नामबाट जुन सम्मान गरिन्छ त्यसले पनि यसै कुरालाई पुष्टि गर्दछ । यी उदाहरणबाट पनि स्पष्ट हुन्छ शिव परमात्माले अवश्य कुनै महान् कर्म गर्नुभएको हुनुपर्छ ।

**शिवरात्रि किन मनाइन्छ ?**

शिवजयन्ती निराकार परमपिता परमात्मा शिवको दिव्य अलौकिक जन्मको स्मरण दिवस हो। हामी यस संसारमा जुनसुकैको पनि जन्मोत्सव मनाउँछौं त्यसलाई जन्म दिवस भनिन्छ । यदि रात्रिको १२ बजे पनि कोही जन्मन्छ भने उसको जन्मोत्सवलाई जन्म-रात्रि होइन जन्मदिवसको रूपमा मनाइन्छ । तब प्रश्न उठ्छ शिवको जन्मदिवसलाई शिवरात्रि किन भनिन्छ ?

रात्रि शव्द घोर अज्ञान अन्धकार र तमोप्रधानको प्रतीक हो । जब सृष्टिमा अज्ञान अन्धकार छाउँछ, धर्मले अधर्मको रूप लिन्छ, काम, कोध रूपी विकारको वशीभूत मानव दुखी हुन्छन्, तब ज्ञान सूर्य परमात्मा अज्ञान

अन्धकार विनाशको लागि प्रकट हुन्छन् । उहाँले ज्ञानरूपी लालिमाबाट अज्ञानरूपी कालिमा लाई परिवर्तन गरिदिनुहुन्छ । कलियुग दुःखधामबाट सत्ययुग सुखधामको स्थापना गर्नुहुन्छ । यो कार्य केवल सर्व समर्थ परमपिता परमात्मा शिवको नै हो । अहिले कल्पान्तको वर्तमान संगम युगमा अवतरित भएर पुःन त्यही कर्तव्य शिव परमात्माले गरिरहनुभएको छ ।

परमात्मा अजन्मा हुनुहुन्छ । उहाँले अन्य आत्माहरू जस्तै आमाको गर्भबाट जन्म लिनुहुन्न । तर उहाँले पुःन दैवी राज्यको स्थापना गर्नुपर्छ । उहाँ यस कर्तव्यको लागि परकाया प्रवेश गर्नुहुन्छ । परमात्मा शिव प्रकृतिलाई वश गरेर साधारण तनमा प्रवेश गर्नुहुन्छ र त्यस तनको नाम प्रजापिता ब्रह्मा राख्नुहुन्छ । प्रजापिता ब्रह्माको साकार माध्यमबाट उहाँ ज्ञान यज्ञ रच्नुहुन्छ । जसमा सारा आसुरी सृष्टिको आहुति पर्दछ ।

शिवलिङ्गको अतिरिक्त जटाधारी तपस्वीमूर्त एक देव प्रतिमा पनि देखिन्छ जसलाई शंकर भनिन्छ । शिव र शंकरको कर्तव्यमा धेरै अन्तर छ । ज्योतिस्वरूप निराकार शिव परमात्माको प्रतीक शिवलिङ्ग हो । तर शंकर प्रकाशमय आकारी देवता हुनुहुन्छ । शिव योगेश्वर हुनुहुन्छ भने शंकर योगमूर्ति हुनुहुन्छ । शिव रचयिता हुनुहुन्छ भने शंकर रचना हुन् । शिव पिता हुनुहुन्छ भने शंकर उहाँका पुत्र हुन् ।

**शिवरात्रिसँग सम्बन्धित केही रीति-रिवाजको रहस्य**

परमात्मा शिव बिन्दुरूप हुनुहुन्छ त्यसैले भक्तहरू उहाँको यादगारमा विशाल शिवलिङ्ग बनाउँछन् । त्यसमा पानी मिश्रित दूध लस्सी, बेलपत्र, अकको फूल चढाउँछन् । शरीरको स्वच्छताको लागि दिनमा धेरै पटक स्नान गर्छन् । लस्सी चढाउनको तात्पर्य हो आत्माको ध्यान परमात्मा तिर आकर्षित गर्नु वा एकाग्र गर्नु हो । बेलपत्र चढाउनुको भावार्थ हो हामी आत्माहरू परमात्माले बताउनु भएको मार्गको अनुकरण गरौं । शिवको बऱ्यातको विशेष महत्व छ । परमात्मा शिव संसारका समस्त आत्माहरूलाई पवित्र बनाएर उनीहरूका पथप्रदर्शक बनेर परमधाम लिएर जानुहुन्छ । त्यसैले उहाँलाई आशुतोष र भोलानाथ पनि भनिन्छ । उहाँ शीघ्र नै प्रसन्न हुनुहुन्छ । परमात्मा शिव जुन व्रतबाट खुशी हुनुहुन्छ त्यो हो ब्रह्मचर्य व्रत । यही सच्चा उपवास हो । किनकि यसबाट नै आत्माहरू परमात्माको नजिक हुन्छन् । एक रात मात्र जागरण बस्नाले अविनाशी प्राप्ति हुँदैन । तर आत्मालाई ज्ञान द्वारा जागृत गर्नु नै जागरण हो । यस जागरणद्वारा नै हामीलाई मुक्ति र जीवनमुक्ति मिल्दछ ।

**शिव सर्व आत्माहरूका परमपिता**

हाम्रो विश्वास छ यदि सबैलाई शिवरात्रिको, परमपिता परमात्मा शिवको परिचय दिइयो भने सबै सम्प्रदायलाई एक सूत्रमा बाँध्न सकिन्छ । परमपिता परमात्मा शिवको स्मृति चिन्ह शिवलिङ्गको रूपमा सर्वत्र सर्व धर्मावलम्बीहरूलाई मान्य हुन्छ । हुन त मुसलमानहरू मूर्ति पूजाको खण्डन गर्छन् । तापनि मक्कामा संग-ए-असवद नामक पत्थरलाई आदरले चुम्दछन् । उनीहरूको यो दृढ विश्वास छ कि यो भगवान्ले पठाउनुभएको हो । यदि उनीहरूलाई यो जानकारी भयो भारतखण्ड निवासी खुदा वा भगवान्लाई शिव मान्दछन्

तब दुवै धर्ममा भावनात्मक एकता हुन सक्छ ।

यसै प्रकार ओल्ड टेस्टामेन्ट सुसमाचारमा मूसाले जेहोवाको वर्णन गरेका छन् त्यो ज्योतिबिन्दु परमात्माको नै हो । यसरी अन्तर्राष्ट्रिय रूपमा एकता कायम हुन सक्छ ।

भारतखण्ड निवासीहरूलाई शिवलिङ्ग नै परमात्माको प्रतिमा हो भन्ने कुराको वोध भएको भए वैष्णव र शैवमा जुन भिन्न विचार चल्दै आएको छ त्यो हुदैनथ्यो । रामेश्वरमा रामका पनि ईश्वर शिव, गोपेश्वरमा कृष्णका इष्टदेव शिव र एलिफेन्टामा भएको त्रिमूर्तिको चित्रबाट स्पष्ट हुन्छ सबैलाई एक धर्ममा बाँध्ने परमात्मा शिव नै हुनुहुन्छ । यसैले शिवरात्रिको त्यौहार सबै धर्मको त्यौहार हो । यसरी परिचय दिएको भए विश्वको इतिहास नै बेग्लै हुने थियो । धार्मिक मतभेद हुदैनथ्यो । चारैतिर भ्रातृत्वको भावना हुने थियो ।

आज पुनः त्यही घडी छ, त्यही दशा छ, त्यही रात्रि छ । अहिले मानव समाज पतनको. चरम सीमा सम्म पुगेको छ । यस्तो समयमा कल्पको महानतम घटना तथा दिव्य सन्देश सुनाउन पाउँदा अति हर्ष भइरहेको छ कि कलियुगको अन्त्य र सत्ययुगको आदिको यस संगम युगमा ज्ञान सागर परमात्मा शिव जीवात्माको निभेको ज्योति जगाउन अवतरित भइसक्नुभएको छ । साकार प्रजापिता ब्रह्माको माध्यमबाट सहज राजयोगको शिक्षा दिएर विकारको बन्धनबाट छुटाएर निर्विकारी पावन देव पदको प्राप्ति गराउदै हुनुहुन्छ । दैवी स्वराज्यको पुनस्थापना गराइरहनुभएको छ ।

११ पेजको बाँकी अंश ...

गराउन सक्दैनन् । गुरुहरूले अल्पज्ञान दिन्छन्, परन्तु भगवान् ज्ञानका सागर हुनुहुन्छ र सम्पूर्ण सत्य ज्ञानको प्रकाश फैलाउनुहुन्छ । ज्ञानको दिव्य चक्षु तथा पवित्रता हुने हो भने परमात्माको दिव्य कार्यलाई सजिलै देख्न र अनुभव गर्न सकिन्छ ।

यस धरामा भगवान् भनिने धेरै छन् । ब्रह्मा, विष्णु, शङ्करलाई भगवान् भनिन्दिछन् । यहाँ सम्म कि आफ्ना लौकिक गुरुलाई पनि भगवान् भन्न चाहन्छन् । यसरी अनेकलाई भगवान् भनिदिएका छन् । भगवान्का बारेमा यस प्रकार भ्रम पैदा हुनु स्वाभाविक पनि हो । पहिले त हामीलाई थाहा हुनुपर्‍यो कि भगवान् को हो ? अनि मात्र हामी भगवान्लाई चिन्न सक्छौं । यस स्थितिमा भगवान्लाई यसरी परिचय गराउन सकिन्छ । भगवान् निराकार, देहरहित, जन्म-मरणदेखि पृथक्, ब्रह्मा-विष्णु-शङ्करका रचयिता तथा सृष्टिका बीज रूप हुनुहुन्छ । ज्ञानका सागर, प्रेमका सागर, सर्वशक्तिमान् र गुणहरूका सिन्धु हुनुहुन्छ भगवान् । अतः कुनै पनि देहधारीलाई भगवान् भन्न सकिदैन । ब्रह्मा बाबालाई पनि भगवान् भनिदैन । यति हो कि ब्रह्मा बाबाका तनमा भगवान् प्रवेश गर्नुहुन्छ । प्रजापिता ब्रह्माकै माध्यमबाट भगवान् परमात्माले संसारमा आत्माहरूलाई सत्य ज्ञान प्रदान गर्नुहुन्छ ।

वास्तवमा निराकार ज्योतिर्बिन्दु स्वरूप भगवान् परमात्माको अवतरणको पावन दिन महाशिवरात्रि पर्व हो । यस महान् पर्वमा आत्मा, परमात्मा र सृष्टि चक्रबारे सत्य ज्ञान प्राप्त गर्ने योग अनुष्ठानमा थप ऊर्जा प्राप्त होस्, शुभ कामना ।




# सम्पूर्ण समाधान

ब्रह्माकुमार विजयराज सिग्देल

कसैलाई दिनै लागेको कुरा तत्कालै दोब्बर भएर त्यहि कुरा फर्किएर आउने छ भन्ने थाहा पाएर दिदै छौं भने कस्तो कुरा दिन्छौं होला हामी ? कल्पना गरौं । यो स्मृति नै सम्पूर्ण समाधानको एक अदभुत् चाबी हो । आज हामी जहाँ छौं, हाम्रो चाहनाले भएको होइन, अपितु हाम्रो आन्तरिक अवस्थाको उपज हो । चाहेर यो जगतमा कुनै पनि कुरा प्राप्त हुँदैन, हामी जो छौं, जस्तो छौं, वर्तमान समयको अवस्थाको परिणाम हो । के पायौं, प्रश्न गर्ने कुरा नै होइन, के दिन सक्यौं त्यहि कुरा दोब्बर भएर हामी सामु आइपुग्ने हो । दिदैं गर्दा पनि सुखको प्रत्याभुति हुने र फर्केर दोब्बर हुदाँ त झन कयौं गुणा ।

दिनु नै पाउनका लागि हो भन्ने स्मृतिले मानव मन हवात्तै स्थिर उन्मुख हुन थाल्दछ । मनको स्थिरता नै योगीको पहिलो कदम हो । जतिजति स्थिरता बढन थाल्दछ, अरू प्रतिको दृष्टिकोण फराकिलो, विशाल अनि स्वीकार भावले ओतप्रोत हुन थालिहाल्छ । कृतज्ञ भएर दिनुको आनन्द नै बेग्लै हुन्छ जसको कुनै जोड घटाऊ हुँदैन ।

कहिलेकाहीँ दान, दक्षिणा वा सहयोग नै गर्नु पर्दाको अवस्थामा एउटा निश्चित रकम दिनु नै पर्ने अवस्थामा पनि अलिकति आफ्नै विवेकले स्वतन्त्रपूर्वक थपेर दिन्छौ, त्यसको परम सुख नै अव्यक्त हुने गर्दछ । त्यो झुण्डिएर गएको रकमले सम्पूर्ण सन्तुष्टि प्रदान गर्दा रहेछ र कयौं गुणा दोब्बर भएर आउने रकम त्यहि झुण्डिएको मात्र हो । ठूलो रकम त समाजलाई देखाउनका लागि, मान सम्मान जोगाउनका लागि पनि हुन सक्छ, त्यो पछाडी कसैले आशा नै नगरेको रकम नै विशाल भएर फर्केर आउने हो । आफूले जानेर स्वविवेकले देखेर गरेको कर्म मात्र दोब्बर हुने हो ।

अरूलाई देखाउन, अरूको नजरमा राम्रो गरेको देखाउन गरिएको व्यवहारले अन्ततः जीवनमा दुःखलाई निम्त्याउँछ । अरूलाई थाहै नदिइकन दिइएको सुखले मात्र जीवनमा आनन्दभूति गराउने हो । जसका लागि गर्दै छौं, उसलाई नै थाहा नहोस, कसैले मलाई केही गर्दैछ । यो कर्ममात्र दोब्बर भएर आउने हो । मन कृतज्ञ होस्, आलाह्रित होस् , दिन पाएकोमा परम सुख होस्, दिओस् अनि तत्कालै बिर्सि पनि हालोस् ।

लिन नै नपरोस उससँग, यो प्रार्थना होस । उससँग भएको हो नै मेरो । यो भावले जीवनमा प्राप्ति नै प्राप्तिको महसुस हुन थाल्दछ । कसैलाई कसैले दिएको भान नै नहोस, कसैका लागि नै होइन, यो भावमा गरिएका हरेक कर्म श्रेष्ठ कर्म हुन पुग्दछन् जसको प्राप्ति कयौं जन्म-जन्म हुन पुग्दछ ।


परमात्मा शिवबाबा भन्नुहुन्छ, दिनेहरू आधाकल्पसम्म सुख र खुशीले भरपुर हुने गर्दछन् । जीवन भरपुर हुन्छ, मन सधैं सन्तुष्ट

बाँकी अंश पेज २१ मा ...





दिलले “मेरो बाबा” भन्नु सबैभन्दा ठूलो विशेषता हो ।


त्यो व्यक्ति अझै भित्र गयो । त्यहाँ उसले सुन खानी भेट्यो । ऊ खुशी पनि भयो, हैरान पनि भयो ।
अखिर साधुले जानेर पनि किन रुखको मुनि बसेको छ ?
उसले साधुसँग यी कुरा भन्यो र साधुले भने -
सच्चा कमाइ त अविनाशी कमाइ हो
त्यो व्यक्तिमा जिज्ञासा भयो र सोध्यो
त्यो कमाई कसरी गर्न सकिन
साधुले फेरि भने।
मैले जुन कमाई आफू भित्र गएर पाएँ त्यो बाहिरी कमाई भन्दा कयौ गुणा बढी छ ।
साधुले भने।
तिमी यहाँ बसेर जति आफ्नो भित्र गएर चिन्तन गर्छौ त्यति खुशी आनन्द र शक्ति मिल्छ ।
राजयोग त्यो विधि हो जसले अन्तर्जगतको यात्रा गर्न सिकाउँछ ।

# २०७२, शौभाग्य, अनुभव

ब्रह्माकुमार सुदीप

जीवन रूपी सतत यात्रामा कैयौं सेकेण्ड बिते, कैयौं दिन बिते, कयौं साल बिते । हरेक सेकेण्ड, दिन र सालको आ आफ्नै महत्व होलान् जीवनको आरोह र अवरोहमा। कुनै पनि व्यक्तिको जीवनको आरोह र अवरोह उसको लागि जीवन्त इतिहास बन्न सक्छ । त्यतिमात्र होइन कहिले काहीँ त्यो समाज, राष्ट्र र मानव जगतका लागि जीवन्त इतिहास बन्न पुग्छ । दैनिक जीवनमा घट्ने धेरैजसो घटना सामान्य नै हुन्छन् भने कतिपय घटना असमान्य हुन जान्छन् । कुनै घटनालाई जीवनमा एक पटक भन्ने (once in life time) पनि गरिन्छ ।

शायद २०७२ पनि कतिपयका लागि व्यक्तिगत तीता-मीठा अनुभवको इतिहास बन्न पुग्यो होला वा जीवनमा एक पटकको अनुभव बन्न पुग्यो होला भने समग्र नेपाल र नेपाली समाजका लागि यस्तै तीता-मीठा अविस्मरणीय अनुभवहरूको सँगालोको इतिहास बन्न पुगेको छ भन्नुमा कुनै अत्युक्ति नहोला । महाविनाशकारी भूकम्प र त्यसबाट सृजित त्रासदी, धन-जनको क्षति, पीडा, वेदना र दुःखको अनुभव पनि २०७२ ले गरायो भने नेपालकै इतिहासमा पहिलोपल्ट नेपालीहरूले संविधान सभाद्वारा लेखेको गणतान्त्रिक संविधान पनि प्राप्त गरायो । यही २०७२ मा संविधानमा चित्त नबुझेका पक्षहरूको आन्दोलन र भारतीय नाकाबन्दी जस्ता कुराले पेट्रोल, डिजेल, ग्यास, मट्टितेल लगायत अन्य अत्यावश्कीय वस्तुहरूको चरम अभाव, कालो बजारी र त्यसबाट उत्पन्न भएका असहजता, पीडा, दुःख र मंहँगीको मार पनि खेप्नु पर्‍यो भने धन-जनको क्षति पनि । बाँकी त २०७२ लाई भविष्यमा इतिहासविद्‌हरूले कसरी व्याख्या गर्नेछन् त्यो त भविष्यको गर्भमा नै छ ।

२०७२ मा नै आध्यात्मिक दृष्टिकोणबाट शिवबाबा-ब्रह्माबाबाले सन् चालिस/पचासको दशकमा बोलेका अनेकौं महावाक्यहरू आफ्नै आँखा अगाडि घटित भइरहेको देख्दा उहाँका महावाक्य सार्वभौमिक र सार्वकालिक छ तथा परमात्मा सत्य हुनुहुन्छ (God is Truth) भन्ने कुरा स्पष्ट मनमा खेलिरहन्थ्यो। सृष्टि नाटकको उत्सर्ग (Climax) मा जाँदै गर्दा बाबाले शिक्षकको रूपमा जुन ब्रह्मा वत्सहरूका लागि आउने परीक्षाहरूको बारेमा पहिलादेखि नै सावधान गराउँदै आउनु भएको छ ती कुराहरू पनि मानसपटलमा घुमिरहन्थ्यो । मानसिक बिमारी, शारीरिक बिमारी, आर्थिक समस्या, पारिवारिक समस्या, सामाजिक समस्या, प्राकृतिक प्रकोपद्वारा सृजित समस्या र इभिल सोलद्वारा सृजित समस्या आदि इत्यादिको बारेमा बाबाले धेरै वर्ष अगाडिदेखि विभिन्न समयमा मुरलीमा प्रकाश पार्नु नै भएको छ । त्यसमध्ये प्राकृतिक प्रकोपद्वारा उत्पन्न हुने समस्याको एउटा सानो नमूना भन्नु पर्ला यो २०७२ मा हामीले राम्रैसँग अनुभव गर्न पायौं भने सामाजिक समस्याको पनि अनुभव वर्तमान परिवेशमा हामीले गरि नै रहेका छौं ।

यसैको साथै २०७२ मा नै शारीरिक

तवरबाट आउने परीक्षाको पनि गहन अनुभूति गर्ने मौका प्राप्त भइरहेको छ । दिलमा बार बार यही गीत गुञ्जिराख्छ वाह ! मेरो भाग्य वाह ! बाबासँग रूहरिहान गर्दा कहिलेकाहीँ बाबा मेरो सबै हिसाब किताब यही शरीरमा सहज रूपमा चुक्ता होस्, धर्मराजपुरीमा सकेसम्म जान नपरोस् भन्ने भावनाहरू उमडिराख्थ्यो । यस्तो लाग्छ नभन्दै बाबाले मेरो कुरा सुन्नुभएछ। विगत केही वर्षदेखि रथमा कुनै न कुनै समस्याहरू जुन अशोचनीय लाग्थ्यो, अकल्पनीय लाग्थ्यो तीनको अनुभव गर्ने अहो सौभाग्य प्राप्त भइरहेको छ । शुरुमा एलोपेसिया भन्ने यस्तो छालाको समस्याले समात्यो कि टाउकोमा ठाउँ ठाउँमा कपालै गायव भयो र यसरी गायव भयो कि फेरि फर्केर आउने नामै लिएन। तर मनमा यही विचार आउँथ्यो ड्रामाको हर कुरामा कल्याण नै छ र अवश्य पनि यसमा पनि कुनै गहिरो कल्याणको रहस्य समाइएको छ। त्यसैले मनमा कुनै तनाव, चिन्ता, फिकी उठ्दैनथ्यो ।

मेरा अफिसका सहकर्मी साथीभाइ, इष्टमित्र लगायत सबैले भन्थे तपाईं जस्तो मान्छेलाई पनि जन्डिस् । तपाईं न बाहिर खानु हुन्छ न पिउनुहुन्छ, पानी पनि आफैं बोकेर आउनुहुन्छ, यो त हुनै सक्दैन ! तर अचम्म डाक्टरले क्लिनिकल्ली जन्डिस नभनेता पनि जन्डिसको कारण करीब २ महिना आराम गर्ने मौका प्राप्त भयो। तीन थरी वैद्यको औषधी, तीन थरी डाक्टरको औषधी, सर-सल्लाह लिइयो तर घट्ने नामै लिएन । पछि थाहा भयो यो रथको बिलरुबिनको मात्रा सामान्य व्यक्तिको भन्दा सधैं धेरै नै रहन्छ अर्थात् गिलर्बट सिन्ड्रोम भन्ने कुरा । अहो सौभाग्यको कुरा के भने बाबाको सूक्ष्म सहयोग र ईश्वरीय परिवारको एक-एक आत्माहरूको अत्यन्त्यै आत्मीय सहयोगले सहजै परीक्षा पार भयो । बाबाले यस्तो वातावरण मिलाइदिनुभयो एक दिन पनि मुरली मिस गर्नु परेन। औषधीको कारण दिनमा करिब ८/९ पटक सुविधा गइरहनुपर्थ्यो तर बाबाले यति उमंग, उत्साह, आन्तरिक बल र साहस भरिदिनुभएको थियो कि यस्तो अवस्था पनि आँट गरेर लौकिक परीक्षा पनि दिन सकें। अहिले आएर विगतलाई फर्केर हेर्दा आफैंलाई अचम्म लाग्छ ।

२०७२ मै फेरि रथको तर्फबाट अर्को परीक्षाले आह्वान गर्‍यो । ढाड दुख्ने समस्याले विस्तारै समात्दै गयो। डाक्टरी सर-सल्लाह लिंदा थाहा हुन गयो कि ढाडको हड्डीमा डिक्स अलिकति L5-S1 मा सरेको हुनाले नशा च्यापिएको छ र केही हड्डी सरेको छ भन्ने कुरा थाहा पाइयो । जीवनमा अहिलेसम्म नगरेको विचित्रको अनुभूति गर्न पाइयो । देब्रे खुट्टामा केही औंलादेखि माथि ढाडसम्म छाला लाटो भएको अनुभव हुन्थ्यो भने खुट्टा झम्झमाउने र विचित्रको दुखाइ (पेन) को अनुभूति हुन्थ्यो । निरन्तर २४ सै घण्टा यति असह्य पीडा हुन्थ्यो कि त्यस्तो वर्णन गर्न नै गाह्रो छ। सुत्न पनि सकिदैनथ्यो, उठ्न पनि नसकिने, बस्न पनि नसकिने । भित्र भित्रबाट तिघ्राको क्षेत्रमा यस्तो जलन भएर आउँथ्यो कि औडाह भएर छटपटी हुन्थ्यो। दिनमा पनि ढाडको निरन्तर दुखाइको अनुभव हुन्थ्यो तर रातको सन्नाटामा त्यो हजारौं गुणा बढेको अनुभव हुन्थ्यो । यता फर्क्यो, उता फर्क्यो, दायाँ फर्क्यो, बायाँ फर्क्यो केही सीप लाग्दैन्थ्यो र भन्थे बाबा मलाई सुत्नु पर्‍यो तब तीन चार घण्टा झाप्प निद्रा आउँथ्यो। यस्तो लाग्थ्यो कि भक्तिमा धर्मराजपुरीमा तेलको कराईमा तार्छ भन्थे मलाई त जीउँदै यहीँ नै त्यो जलन, पोलाइको अनुभव भइरहेको थियो । यति

असह्य पीडा हुन्थ्यो कि आँशु मात्र झर्दैन थिए किनकि बाबाको महावाक्य याद आउँथ्यो बच्चे कुछ भी हो जाये रोना नहीं है ।

यस्तो बेलामा देहबाट अलग हुने, आत्मिक स्वरूपमा स्थिति रहने, सेकेण्डमा निराकारी स्थितिमा स्थित हुने अभ्यास गर्दथें तर त्यो जलन र पीडाले सेकेण्डमा फेरि शरीरमा झारिदिन्थ्यो । माथि गयो फेरि तल झरिहाल्थें । पेन किलर त मैले खाइरहेको थिएँ तर त्यसले कुनै काम गर्ने नामै लिदैनथ्यो । तसर्थ यो समयमा मेरो लागि राम वाण औषधी थियो जति दुखाइ बढदै जान्थ्यो त्यति म भित्र भित्र एउटा गीत गाउँथे वाह ! बाबा वाह !, वाह ! ड्रामा वाह !, वाह ! ईश्वरीय परिवार वाह ! जति वाह ! वाह ! को गीत मनमा चल्थ्यो त्यति सबै दुखाइ, पीडाबाट मुक्त भएको अनुभव हुन्थ्यो । शायद मेरो मन डाइभर्ट भएको होला वा बाबाको असीम कृपा दृष्टि भएर होला । मलाई यस्तो लाग्थ्यो कि बाबाको यो सिजनमा चलाएका दुबै मुरली नितान्त मेरा लागि मात्र हुन् र बाबाले अग्रिम नै मलाई यो शारीरिक, मानसिक पीडाबाट मुक्त हुने अचूक उपाय दिइसक्नु भएको थियो । ती मुरलीका सार नै थियो बाह ! बाबा वाह !, बाह ! बच्चा वाह ! मलाई झन उमंग उत्साह हिम्मत बढेर आउँथ्यो कि बाबाले त इन एडभान्स मलाई समस्याको समाधान दिइसक्नु भएको रहेछ, खाली त्यसलाई प्रयोगमा ल्याउने मात्रै मेरो काम हो । एउटा आश्चर्य के भने यतिका हुँदा पनि बाबाले यति आन्तरिक शक्तिमा भरिदिनु भएको थियो कि १० मिनेट लाग्ने बाटोलाई २५ मिनेट लगाएर भए पनि हरेक दिन बाबाको मुरली सुन्न बाबाको घरमा आइपुग्थें । नसकेमा बाबाले भाइहरूलाई पुष्पक विमान सहित पढाइदिनुहुन्थ्यो । अप्रेशनमा जानु भन्दा कुनै वैकल्पिक उपाय अपनाएर यसलाई ठीक गर्नु पर्छ भन्ने सबैको सल्लाह भएको कारण फिजियोथेरापीबाट र हाल जापनिज एक्यूप्रेसर (शिआचू) विधिबाट उपचार गराइरहेको छु र जसले नब्बे प्रतिशत जति सुधार भइसकेको छ । एक्यूप्रेसर विधिमा औंलाले झन दुखेको ठाउँमा बेस्मारी डाक्टरले थिचिदिदां असह्य पीडा हुन्थ्यो तर यही विचार चल्थ्यो कि डाक्टरको एक एक थिचाइमा मेरो जन्म-जन्मान्तरको हिसाब किताब चुक्तु भइरहेको छ । वाह ! बिमारी वाह ! वाह ! रथ वाह !

६३ जन्मको हिसाब किताब त छँदै छ । यही अन्तिम जन्ममा पनि जान अन्जानमा कति गल्ती गरियो होला । बाबाको बच्चा बनिसके पछि पनि कतिपय ठाउँमा हामीले अनेकौं गल्तीहरू गरेका छौं । कतिपय बाबाको आज्ञालाई हामीले डोन्ट केयर गरेका छौं भने मनसा, वाचा, कर्मणा अनेकौं ईश्वरीय मर्यादाहरू उल्लघन भएर हिसाब किताब बनेका होलान् ती सबैलाई चुक्तु त गर्नै पर्‍यो र ती सबै धर्मराजपुरी भन्दा यहीँ सहज चुक्ता भएको नै वेश होला जस्तो मलाई लाग्छ । अर्को कुरा बिस वर्षदेखि अशरीरी बन्ने अभ्यास नगरेको पनि होइन, अशरीरी पनको, डेड साइलेन्सको अनुभूति नभएको पनि होइन तर पनि यस्तो अवस्थामा जसरी बाबा भन्नुहुन्छ स्वीच आन गरेजस्तो सेकेण्डमा अशरीरी कर्मातीत स्थिति, सेकेण्डमा फरिश्ता स्थिति, सेकेण्डमा देहमा कर्मयोगी स्थिति यस्तो स्थितिमा चाहेर पनि स्थित हुन धेरै गाह्रो हुँदोरहेछ । तसर्थ मेरा सबै यो आध्यात्मिक यात्राका पथिक, सहृदयी, सहयात्री आत्माहरूलाई दश औंला जोडेर यही विनम्र अनुरोध गर्दछु कि मलाई जस्तो तपाईहरूलाई धोखा नहोस् । जब चाहियो,

जस्तो सुकै परिस्थितिमा होस्, यो देहबाट जति समय चाहियो अलग हुने गहन अभ्यास गर्नु आवश्यक छ ताकि यस्तो परिस्थितिमा सहज नै अशरीरी भएर बस्न सकियोस् । यही यो परीक्षा र ड्रामाले पाठ सिकाएर गएको अनुभूत भइरहेको छ । लौकिक परिवारमा एक्लै बसिरहेको समय यस्ता असहज परिस्थितिमा ईश्वरीय परिवारका एक-एक आत्माबाट प्राप्त मानसिक र भौतिक सहयोगको पनि उल्लेख नगरिरहन सकिदैन । यो बेहद ईश्वरीय परिवारका एक एक आत्माबाट जुन आत्मिक स्नेह, सहयोग, शुभ भावना, शुभ कामना, हिम्मत, उमंग उत्साहको निरन्तर प्राप्ति भइरहेको छ त्यस प्रति पदम-पदम गुणा हृदयको अन्तरदेखि हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

यो पञ्च तत्वले बनेको शरीर जसले ५००० वर्षदेखि साथ दिइरहेको छ र यो अन्तिम जन्ममा पनि साथ दिइरहेको छ त्यसलाई पनि वाह ! रथ वाह ! भनी धन्यवाद दिन चाहन्छु । ५००० वर्षदेखि यसलाई घोटिरहेको छु तसर्थ अलिकति कहिलेकाहीँ वेयर एण्ड टियर हुनु स्वाभाविकै हो । नथिंग न्यू । जसको कारणले नै यतिका स्व स्थितिको चेकिंग गर्ने र सच्चाएर पास भएर अगाडि बढ्ने मौका प्राप्त भइरहेको छ । अन्त्यमा प्रकृति, सबै जीवात्मा र प्यारा-प्यारा, मीठा-मीठा बाबा प्रति पद्म-पद्म गुणा कृतज्ञता र धन्यवादको गीत गाउँदै र सदा यो मनले गाइरहने छ भन्ने भाव व्यक्त गर्दै कलमलाई विराम दिन्छु ।

१५ पेजको बाँकी अंश ...

हुन थाल्दछ । भौतिक र मानसिक सुख र खुशीको औसत ह्वातै दोव्वर हुन्छ । चौतर्फी प्राप्ति नै प्राप्तिको प्रत्याभूति हुन थालिहाल्छ । भएर दिउँला भन्नेहरूसँग न कहिले हुन्छ, न पुग्छ र दिन्छन् नै । दिनैपर्ने अवस्थामा यस्तो परिस्थिति सृजना हुन पुग्दछ, जसका कारण उसका हातहरू अनायास रोकिन पुग्दछन् ।

कैयौंलाई भविष्यको चिन्ताले पनि सताउन छाडदैन् । केहि भइहाल्यो भने यो बचाएको रकम काममा आउँछ भन्दै राखिएको रकम अन्ततः त्यही हुन्छ, जसका लागि उसले उल्टो गतिबाट सकंल्प गरेको थियो । सुक्ष्म डर नै समस्याको जड हो ।

अपेक्षातीत प्राप्तिको कमीको कारण म स्वयम् हुँ । चाहेको होइन अपितु भएको पाउने हो भन्ने शाश्वत महान् सत्यले जीवनलाई उत्कृष्ट बनाउँदै लैजान्छ । अव स्थिर हुने प्रयत्न गरौं, हृदयलाई फराकिलो बनाऊँ, हर कदम-कदममा आफूलाई सकारात्मक बनाउने भरपुर कोशिस गरौं । परिस्थिति मेरो अनुकूलको होस्, सबै कुरा मैले भने जस्तो होस्, होइन बरु परिस्थिति जस्तो सुकै होस्, जेसुकै होस्, विपरीत होस् तर मेरो मन स्थिर होस्, सकारात्मक होस् । पुरुषार्थ नै आजको समयको यही हो ।

समयले आफ्नो गतिको मूल्यलाई जानेकै कारणले महत्वपूर्ण बनेको छ, हामी पनि सत्यको यो निमयलाई बनाइराखौं, जीवन स्वतः मूल्यवान् बन्ने छ । यसै पनि आध्यात्मिक पथिकको जीवन असामान्यतर्फ लम्किरहेको छ, अझ प्रगाढतर्फ लम्किरहन सकोस् ।

# ईश्वरलाई सर्वव्यापी मान्नु – एउटा महान् भूल

ब्रह्माकुमार देवराज प्रधान, दार्जीलिङ

आज धेरै धार्मिक व्यक्तिहरूले ईश्वरलाई सबै ठाउँ, कण-कणमा अथवा घट-घटमा व्याप्त सर्वव्यापी मान्दछन्। उनीहरूको यस अनुमानले ठूलो नोक्सान पुऱ्याएको छ। यो एउटा गल्ती मान्यताले समस्त मानवलाई ईश्वरदेखि विमुख गराएको छ अनि उहाँ सितको योग टुटाइदिएको छ। योग शब्दको अर्थ हो दुईवटा भिन्नै अस्तित्वहरू अथवा आत्मा र परमात्मा माझ सम्बन्ध जोड्नु। ईश्वरलाई सर्वव्यापी मान्ने हो भने उहाँसितको योग अर्थहीन हुन जान्छ। सर्वव्यापी ईश्वरसित कसरी योग लगाउनु अथवा याद गर्नु अनि आफूमात्रै हुनुहुन्छ भने त याद गर्ने जरूरत पनि पर्दैन। धेरै मानिसहरूले ईश्वरलाई परमपिता भनेर मान्दछन् तर अचम्म लाग्दो कुरा यो छ उहाँलाई सर्वव्यापी भनी विश्वास पनि गर्छन्। यसको अनुसार त आत्मा परमात्मादेखि भिन्नै अस्तित्व होइन भन्ने बुझिन्छ तर मानव आत्माहरू त अनेक छन् अनि परमात्मा त एउटै हुनुहुन्छ। मानव आत्मालाई 'जीव




आत्मा' भनिन्छ तर 'जीवलाई परमात्मा' भनिदैन। अवश्य नै पिता उहाँका नानीहरूमा व्याप्त हुन सक्दैन। यसैले ईश्वर जो सबै मानव आत्माहरूका पिता हुनुहुन्छ उहाँ सबैमा व्याप्त हुन सक्दैन। ईश्वर सबै मानव आत्माहरूका पिता भएको हुनाले मानिसले 'विश्व भ्रातृत्व' को कुरा गर्छन् 'विश्व पितृत्व' को होइन। सबै मानव आत्माहरू झैं ईश्वरलाई पनि मानिसहरूले चैतन्य मान्दछन्। यदि उहाँ सबै ठाउँमा व्याप्त हुनुहुन्छ भने त जड वस्तु कही पनि नहुनु पर्ने हो। मृत शरीरधारी चैतन्य हुनुपर्ने हो किनकि चैतन्य आत्मा निस्केर गए पनि सर्वव्यापीको सिद्धान्त अनुसार चैतन्य ईश्वर त त्यहाँ छ। तर यस्तो हामी पाउँदैनौं।

यदि ईश्वर सर्वव्यापी हुनुहुन्छ भने उहाँका गुणहरू पनि सबै ठाउँमा देखिनुपर्ने हो तर हामी यस्तो पाउँदैनौं। जसरी एउटा फलामलाई आगोमा हाल्नाले आगो जस्तै तातो अनि रातो बन्दछ अथवा आगोको गुण त्यस फलाममा देखिन्छ, फूल छ भने त्यहाँ सुगन्ध पनि

हुन्छ त्यसरी नै ईश्वर सर्वव्यापी हुनुहुन्छ भने सबै ठाउँमा ईश्वरका गुणहरू पनि देखिनुपर्ने हो, तर यसको विपरीत काम, क्रोध, लोभ, मोह, अहंकार इत्यादि विकारहरू नै समस्त विश्वमा पाउँछौं । परमात्मालाई शान्ति, आनन्द, प्रेमको सागर भनिन्छ अनि यदि परमात्मा सर्वव्यापी हुनुहुन्छ भने किन मानिसमा अशान्ति, दुःख अनि दुश्मनी ? जुन परमात्मालाई एकक्षण स्मरण गर्दा हामीले शान्तिको अनुभव गर्दछौ भने ईश्वर सर्वव्यापी भए त संसारमा कति शान्ति हुनेथियो होला । परमात्मालाई रचयिता भनिन्छ, अनि रचयिता आफ्नो रचनाभित्र पसेर कसरी व्याप्त हुन सक्छ ? उहाँ यसदेखि भिन्नै हुनुहुन्छ। यसरी नै परमात्मालाई 'पापदेखि मुक्ति दिलाउने' भनिन्छ, तर उहाँको सर्वव्यापकताको अर्थ त उहाँले नै हिंसा, गल्ती कार्यहरू अनि पाप कर्महरू गरिरहेको बुझिन्छ। परमात्मालाई पापकटेश्वर भनिन्छ, विषय- विकारहरूदखि मुक्ति दिलाउनका निम्ति भक्तहरू उहाँलाई पुकार्छन् भने ईश्वर भएको ठाउँमा किन हिंसा, बलात्कार, भ्रष्टाचार अनि पापै पाप ? आज त भनौ भने संसारमा पाप नै सर्वव्यापी देखिन्छ। गीतामा भनिएको छ, 'जब संसारमा धर्म ग्लानि हुन्छ, पाप बढेर जान्छ त्यसबेला म अवतरण हुन्छु, यदि सबै ठाउँमा भगवान् हुनुहुन्छ भने अवतरणको प्रश्नै उठ्दैन, कहाँ देखि कहाँ अवतरण हुन्छन् ? परमात्मा सर्वव्यापी हुनुहुन्छ भने उहाँलाई मानिसले ऊपरवाले किन भनेको ? ईश्वरको स्मरण गर्दा किन माथि नै इशारा गरेको ? निश्चय नै सर्वव्यापीको मान्यता एउटा महान् भूल हो ।

धेरै व्यक्तिहरूले विभिन्न धर्मका धर्मपितालाई 'ईश्वरको सन्देशवाहक' भनी विश्वास गर्छन् । यदि ईश्वर सर्वव्यापी हुनुहुन्छ भने कहाँबाट अनि कसको निम्ति उनीहरूले सन्देश ल्याए ।

प्रार्थनामा भक्तहरूले ईश्वर सर्वोच्च अनि परमपवित्र हुनुहुन्छ भनी महिमा गाउँछन् अनि उहाँबाट सुख, शान्ति, स्वास्थ्य, सद्बुद्धिको कामना गर्दछन् तर यदि आफूमानै परमात्मा हुनुहुन्छ भने किन यी कुराहरूको ईश्वरबाट कामना गर्नु पऱ्यो । ईश्वर सर्वव्यापी हुनुहुन्छ अथवा उहाँकै रूप हो भने मानिस रोगी छन् अनि किन उनीहरूले दुःख-कष्टबाट छुटकारा पाउनको निम्ति ईश्वरसित प्रार्थना गर्नु पऱ्यो । के यसले भगवान्को अस्तित्व मानव आत्माहरूभन्दा भिन्नै छ भन्ने प्रमाणित गर्दैन ? साँचो ज्ञानले मानिसलाई जुन कुरा जस्तो छ त्यस्तै देख्ने क्षमता दिलाउँछ जसले गर्दा सत्य अनि झूठ, राम्रो अनि नराम्रो बुझ्न सकिन्छ, तर सर्वव्यापीको भूल धारणाले राम्रो अनि नराम्रो, मूर्ख अनि ज्ञानी अनि चैतन्य आत्मा र जड पदार्थको भिन्नता पनि हटाइदिन्छ । दुःख हर्ता सुख कर्ता, सर्वशक्तिमान् परमात्मा यस पाँच तत्वमा व्याप्त भएको भए के यसरी भूकम्प आएर सबैलाई रुवाउँथे होला ? यसैले सर्वव्यापी मान्यता विवेकसंगत छैन । प्राचीन कालका ऋषि मुनि अनि विद्वानहरूले ईश्वरलाई जान्ने कोशिस गरेपश्चात् यो निष्कर्षमा पुगे कि मानिसले आफ्नो कोशिसले भगवान्को सत्य

परिचय प्राप्त गर्न सक्दैनन् अर्थात् भगवान्को सत्य परिचय उहाँ स्वयं आउनुभएर दिएपछि मात्र थाहा लाग्नेछ । यसैले वेदमा अन्तमा भगवान् सम्बन्धि 'नेति नेति' (यो होइन, यो होइन) भनेका छन् । तब कसरी ईश्वरलाई फेरि सर्वव्यापी भनियो ।

परम पवित्र, सबै मानव आत्माहरूका कल्याणकारी परमात्मा पितालाई मैला कुचैलामा, कुकुर, सुँगुर, सर्पआदिमा व्याप्त मान्नु त उहाँका महिमा होइन ग्लानि हो । हामी कुनै देवता-देवीको अथवा कुनै धर्मपिताहरूको तस्वीर खुट्टाले कुल्चिदा पनि उठाएर ढोग्छौं भने के हामीले परमात्मालाई कुल्चीँदै हिँडिरहेका छौं ? परमात्मा सर्वव्यापीको सोच पछि विकसित भएको हो । यस विश्वासमा स्पष्ट रूपमा मानिसको कल्पना मात्र देखिन्छ, जसले मानिसलाई ठूलो नोक्सान पुऱ्याएको छ । ईश्वर सर्वव्यापी भनेर विश्वास गर्नुको अर्थ त उनीहरूले ईश्वरलाई जानेको अनि अनुभव गरेको बुझिन्छ अनि फेरि किन उनीहरूले ईश्वरलाई प्राप्त गर्ने, दर्शन गर्ने, खोजी गर्ने विभिन्न पुरुषार्थहरू गरिरहेका छन् ।

आज कलियुगको अन्त अनि सत्ययुगको प्रारम्भको समय संगमयुगमा सबै मानव आत्माहरूका एकमात्र ज्योतिबिन्दु चैतन्य परमपिता परमात्मा शिव प्रजापिता ब्रह्माको साकार तनमा परमधामदेखि दिव्य प्रवेश गर्नु भएर भन्नु हुँदैछ, "म सर्वव्यापी छैन, म ज्योतिबिन्दु स्वरूप छु, म परमधाम निवासी हुँ, आज तिमीहरू सबैलाई पावन बनाएर घर (परमधाम) लैजान अनि निकट भविष्यमा आउनेवाला सत्युगी दैवी राज्य भाग्य (स्वर्ग) को मालिक बनाउन आएको छु, यसको निम्ति मलाई स्नेहपूर्वक याद गर अनि मन, तन, कर्मले पवित्र बन ।"

वास्तवमा ईश्वर सर्वव्यापीका सिद्धान्त मानिस नराम्रो कर्त्तव्यहरूदेखि जोगियोस् भन्ने एउटा राम्रो भावनाले शुरू भएको हो । मानिसले पाप कर्महरू अरुदेखि लुकेर गर्छन् भन्ने विचारले मानिएको कुरा हो तर आज कोही व्यक्तिलाई यस मान्यताले पाप कर्मदेखि जोगाएको छैन ।

अर्को कुरा हामी ब्रह्माकुमार अनि ब्रह्माकुमारी दाज्यु-बहिनीहरूको अनुभव छ कि जब हामीले साँचो हृदयले प्रेमसित ईश्वरलाई याद गर्छौं तब हरेक ठाउँमा उहाँ आफ्नो साथमा नै भएको महसुस गर्छौं । जस्तै एउटा प्रेमीलाई आफ्नो प्रियतमको यादले आफ्नो साथमा नै भएको जस्तो महसुस हुन्छ त्यसरी नै राजयोगीहरूले परमधाम निवासी सबै मानव आत्माहरूका एकमात्र परमपिता परमात्मालाई प्रेम गर्छन् अनि सबै सम्बन्धहरू उहाँसित जोडेर प्रेमसित याद अथवा योग गर्छन् तब हरेक पलमा परमात्मा आफ्नो साथमानै भएको महसुस गर्छन् । कल्प पहिलाको यही अनुभवको प्रतीकमा द्वापरयुगदेखि परमात्मा सर्वव्यापी हुनुहुन्छ भनी लेखियो अनि मानिसले परमात्माको वास्तविक परिचय अनि अनुभूतिको अभावमा यस सर्वव्यापीको अनुमानलाई स्वीकार गरे ।



# स्मृति दिवसका स्मृतिहरू

हेम शर्मा पोखरेल

माघ महिनाको पारिलो दिनमा न्यानो घाम ताप्दै प्यारा बाबाको मीठो यादमा रमाउँदै तप तप रस चुहुने रामेछापको जुनारको स्वाद लिँदै कुनै सौभाग्यशाली आत्माले आफ्ना अलौकिक परिवारका सदस्यहरूसँग बसेर यस सृष्टिका सर्वोच्च शिखर पुरुषको जीवनीको विषयमा चर्चा गर्दछ भने त्यो क्षण कति रसिलो, भरिलो, मनमोहक, मृदु, सुखद, प्रिय, पवित्र र आनन्ददायक होला ? भर्खरै हाम्रै अगाडिबाट चिप्लिएर गएको कल्प पुरुष लेखराज कृपलानी उर्फ ब्रह्माबाबाको ४७ औं स्मृति दिवसमा भएका सूक्ष्म अनुभूतिहरूका विषयमा चिन्तन गर्दा मन पुलकित भएको छ, आङ रोमाञ्चित भएको छ, अनुहारमा हर्षका अनुभूतिहरू चलायमान भएका छन्, यस पटकको लागि चयन गरिएको यस विषय प्रति बुद्धि गौरवान्वित भएको छ, संस्कारमा कति शुभ भावनाहरू भर्न सकिँदो रहेछ भन्ने स्मृतिले मात्र पनि आत्मा एक बाबाको स्मृतिमा मग्न भएको छ। हो यसै सन्दर्भमा आजको यस अपराह्नमा भर्खरै मनाउँदै गरिएको विश्व शान्ति एवं ब्रह्माबबाबाको ४७ औं स्मृति दिवसका दिन मनमा खेलेका भावनाहरू, अनुभूतिहरू, अवलोकनहरू यहाँहरू समक्ष प्रस्तुत गर्न पाउँदा अत्यन्तै रमणिकताको अनुभव भइरहेको छ।

स्मृति दिवसको अघिल्लो दिन १७ जनवरीका दिन दिनभरि मुरली अनुवादको सेवामा बाबाको बेहद घर ठमेलमा कार्यरत रहे पनि केही निकायहरूमा ईश्वरीय सेवाका लागि सेवारत रहँदै अपराह्न तीर मूल्य शिक्षाको सम्पर्क कक्षाहरूको समापन समारोहमा बाबाको मूल्य शिक्षा र आध्यात्मिकताको पढाइमा ज्ञानको मिठाई मात्रै चाख्न पाएर रमाएका कैयन आत्माहरूलाई बाबाको ज्ञानको चासनीको स्वाद लिन आह्वान गरिरहँदा अपार सुख अनुभूति भइरह्यो। भर्खरै बाबाको बेहद घर मधुवनबाट प्यारा बापदादासँग मिलन गरेर फर्कदै गर्नु भएकी परम आदरणीय राजदिदीज्यू सहितको टोलीबाट बाबाको यादभरि स्नेहपूर्ण दृष्टि लिँदा प्यारा बापदादासँगको मिलनका पुराना अनुभूतिहरूको मधुर स्मरण र प्यारो मधुवनको याद ताजा भयो। हतार हतारमा आफ्नो सेवा स्थान संगम कोलोनीमा बाबाको नवनिर्मित भवनमा कल्पमा पहिलो पटक मनाउन लागिएको स्मृति दिवसको तयारीमा रमाउँदा रमाउँदा गोधूली साँझको यादको यात्राको समय समेत सेवामै समर्पित गर्दै समय चिप्लिएको पत्तै भएनछ। सेवा र यादको मधुमास मनाउँदै पाँच तत्वको देहमा केही थकानको अनुभूति भए पनि वानप्रस्थ अवस्थाको मनमा भने अझ पनि सेवा गरिरहुँ, जीवनलाई बाबाको सेवामा पूर्ण सम्पूर्ण समर्पित गरिरहुँ भन्ने शुभ भावना तथा भोलिपल्टको महान् दिवसको स्मृतिमा रमाउने शुभ आशा सहित बाबाको गोदिमा विश्राम गर्दाको अवस्था अत्यन्तै सुखद र आरामदायी थियो।

भर्खरै बाबाको ज्ञान प्राप्त गरेका बेला तानसेन यात्रामा जाँदा एक दिन अमृतवेला समयमै निद्रा खुल्यो, मन एकदम प्रसन्न र हलुङ्गो थियो। ज्ञानमा चलेको करिब दुई महिना भएको थियो होला। त्यस दिनको अमृतवेला अत्यन्तै अभूतपूर्व रूपमा शक्तिशाली भयो। प्रातः मुरली

कक्षामा जाँदा पनि एक प्रकारको स्नेह, शक्ति र आकर्षणको अनुभूति भइरह्यो । पछि थाहा भयो त्यो दिन मीठी मातेश्वरीजीको स्मृति दिवस रहेछ । महान् आत्माहरूसँग जोडिएका यस्ता प्रसंगहरूमा अनुभव गरिने शक्तिशाली प्रकम्पनहरूले आत्मामा शक्ति भर्न मदत गरेका कैयौं उदाहरण मध्ये त्यो पनि एक हो । त्यसैगरी यसपालीको स्मृति दिवसमा पनि त्यस्तै रोमाञ्चकारी अनुभूति भएको छ ।

यसपालि प्यारा ब्रह्माबाबाको स्मृति दिवसका दिन अमृतवेला देखि शक्तिशाली अनुभूति भइरहेको थियो । अमृतवेला पनि नियमित समय भन्दा एक घण्टा पहिल्यै निद्रा खुलेछ, प्रातः नित्यक्रियाबाट निवृत्त भए पछि बाबासँग रूहरिहान गर्न, बाबाको यादमा रमाउन स्व भाविक रूपमा थप समय प्राप्त भयो । निद्राको कुरा रहेन । चाँडो भन्दा चाँडो बाबाको घरमा गएर योग तपस्यामा मग्न हुने जिजीविषा जागृत भइरह्यो । नभन्दै दिनभर बाबाको शक्तिशाली साथको अनुभूति भइरह्यो । विना थकान, विना झंझट, विना आलस्य एकरस जाँगर, अटुट स्फूर्ति, विश्व कल्याणको भावनाको अविरल प्रवाह, शान्ति र सन्तोषको पराकाष्ठा, मिलनको लगनमा मगन अवस्थामा र योग तपस्यामा दिन वित्यो ।

खासगरी प्रातः मुरली कक्षा पछिको यादको यात्रामा मूलवतन भन्दा पनि सूक्ष्मवतनको अनुभूति बढि शक्तिशाली भयो । अपराह्नको योग तपस्यामा एक पटक सन्दलीमा बसेर सर्व सहभागी आत्माहरूलाई दृष्टि दिने अवसर प्राप्त भएको बेलाको संक्षिप्त अनुभव वाहेक सारा दिन बापदादा र ब्रह्माबाबाको सामीप्यताको, आशीर्वादका हातहरूले सुमसुम्याइरहेको, हलुङ्गोपन अर्थात् फरिस्तापनको, बाबाको हात र साथबाट निश्चिन्तताको, एक प्रकारको उराठ भरिएको मिठास अर्थात् पुरानो देह र देहको सम्बन्ध तथा वस्तु वैभवबाट विरक्ति र नयाँ दुनियाँ, नयाँ परिवार तथा सुखधामको मीठो याद र आकर्षणले नजाँनिदो रूपमा मनमोहक तरिकाले तानीरह्यो ।

मूलतः सूक्ष्मवतनको याद, विदेही वा हलुङ्गोपनको अनुभव, आत्मा भाइ-भाइको दृष्टि स्वाभाविक एवं प्रवल रूपमा अनुभव भइरह्यो र एक किसिमको उडान, एक प्रकारको विश्राम, एक प्रकारको सुखानूभूति, एक प्रकारको सम्पूर्णताको सम्पन्नताको चासोभाव, एक प्रकारको निश्चिन्तताको अनुभूति, एक प्रकारको बाबा प्रतिको निश्चय, एक प्रकारको ड्रामाको अपरिहार्यता र कल्याणभाव प्रतिको पक्का निश्चय भाव वारम्बार अनुभव भइरह्यो ।

दिनमा करिब तीन घण्टा जति योग तपस्याबाट अलग रहेको बेलामा पनि आफ्नो अवस्था लगभग त्यस्तै थियो, लौकिकमा गर्नुपर्ने कार्यहरू स्वभाविक रूपमा भइरहेको, सम्पन्न भएका र स्वाभाविक रूपमा सफल भएका थिए । यसबाट के अनुभव भइरह्यो भने परमात्मा प्यारमा लवलीन भएर उहाँकै यादमा हामी कार्यमा लागिरह्यौं भने त्यसमा सफलता अवश्य पनि निश्चित छ, यो विश्वास अझ प्रगाढ भएको छ । कर्मयोगमा अझ दत्तचित्त भएर लाग्ने प्रेरणा प्राप्त भएको छ ।

ब्रह्मा बाबा जसले विश्व रङ्गमञ्चमा यत्रो महत्वपूर्ण दायित्व, देहधारी आत्माले निर्वाह गर्ने सबैभन्दा श्रेष्ठ, महत्वपूर्ण र विश्वकल्याणयुक्त कार्य गर्नुभयो । यस्ता आत्माको यस जिम्मेवारीमा प्रवेश गर्नुपूर्वको अवस्था कस्तो थियो होला ? एक प्रकारको कौतूहलता स्वाभाविकै हुन जान्छ । संयोगवश भनौं उहाँको सन् १९३२ ताकाको दैनिकी पुनः अध्ययन गर्ने अवसर प्राप्त भयो । बाबाको यो दैनिकी पंक्तिकारले आफ्नो ज्ञानमा प्रवेश गर्नुपूर्वको अवस्था र वर्तमान अवस्थासँग तुलना गर्नका लागि वर्षका अन्य कैयौं दिनहरूमा पनि दोहोऱ्याई तेहेऱ्याई पढ्ने गरेको हो । यसपाली विहानको क्लासमा पनि यस दैनिकीका केही उद्धरणहरू प्रस्तुत गरियो र यहाँ पनि प्रस्तुत गर्ने जमर्को गरिएको छ, अनुमति चाहन्छु ।

१. मिथ्या संकल्पलाई त्याग, जो असत्य हो । सत्य

के हो ? देहधारी गुरु साक्षात् वासुदेव हुनुहुन्छ । तर यो संसार मिथ्या सपना हो, बाँकी जुन सत्य छ त्यो आनन्द हो, शुन्य हो, केही पनि होइन । यहाँ उहाँमा भक्तिको सामान्य भाव अर्थात् देहधारी गुरु प्रतिको सम्मान, संसार मिथ्या हो भन्ने भावना र सत्य एक सतचित आनन्द स्वरूप परमात्मा हुनुहुन्छ भन्ने भाव देखिन्छ ।

२. हे मन तैंले बृहस्पतिवारका दिन सितम्बर २०, १९३२ मा आफूलाई सदगुरुको दरवारमा समर्पण गरिदिइस्, अर्थात् तँ मरिस्, विकिस्, त्यस दिनदेखि प्रतिज्ञा गरिस् सबै कुरा जो मैले आफ्नो सम्झेर बसेको थिएं त्यो म मरेपछि त्यो सत्य अर्थात् ईश्वरको भयो । तर ईश्वरले हुकुम दिनुभएको छ । सबैलाई आफ्नो नसम्झेर कर्म गर । यस अभिव्यक्तिमा यो हुन सम्भव छ वा छैन त्यो त ईश्वरले नै जानून् तर एक पटक ७ महिना सम्म वास्तवमा मर्नु पर्छ । हेरौं तेरो सबै कुरा चल्छ या चल्दैन । यसरी मानिसभित्र रहेको मै पन र मेरो मेरो भन्ने भावबाट विरक्ति त पलाएको छ तर सत्य के हो भन्ने विषयमा अझै अस्पष्टता देखिन्छ ।

३. माया कुटुम्ब बिना शान्ति र आनन्द छ । कमजोर हुनु छैन । हे मन छोडिदे यो खिटपिटलाई । शान्ति सिवाय अरू छ नै के ? यतिविधि मारामार, माथापच्चिसी के का लागि ? किन आफूलाई मायामा फसाउँछस्, वेवकुफ मन अब हण्डर खानबाट बच, ढिलो नगर, छिटो गर, यस मायाको दुःखमा आँफूलाई नफसा । तँ त सत्य होस् आफूलाई पहिचान गर । यहाँ ज्ञानतीर उहाँको चिन्तन अझ मुखरित हुँदै गइरहेको भान हुन्छ ।

४. सन् ३० दिसम्बर १९३२ । मन र आत्माको संवाद । बादशाह आत्मा– हे भाइ मन्त्री मन, मलाई तँसँग प्राइभेट कन्फ्रेन्स गर्नु छ । समय विहान सबेरैको ठिक हुनेछ । मन्त्री मन– मालिक म हाजिर छु तर मैले केही दालमा कालो देख्दै छु । केही समयदेखि हजुरको रहन-सहनमा केही फरक भएको छ । हजुरले म माथि दवाब राख्न कोशिस गरिरहनु भएको छ । तर पनि म हाजिर छु । बादशाह आत्मा– ठीकै छ, भोलि विहान जे हुन्छ विचार गरौंला । यहाँ उहाँमा बेहदको वैराग्यतिर उन्मुख हुने जिजीविष प्रखर देखिन्छ ।

५. बादशाह आत्मा– हे भाइ मन, तँ मेरो मन्त्री भएर धेरै दिनसम्म मेरो मनलाई नियन्त्रण गरिस् । तैंले मन्त्री भएर बादशाहलाई अलमलमा परेको देखेर फाइदा लिइस् । खासगरी काम, क्रोध, लोभ, मोह, अहंकारसंग मिलेर तैंले धेरै दिन राज्य चलाइस् । केही दिनदेखि म अर्को वादशाहसँग गएको थिएँ उनले भने तिमी त अन्धो भएर आफ्नै सहयोगीहरूको चंगुलमा फँसेछौ, तिम्रो मन्त्री धेरै बेइमान देखिन्छ, अरु सहयोगीहरूसँग मिलेर तिमी माथि राज्य चलाइरहेको रहेछ । यहाँ आएर सत्यको धेरै नजिक पुगेको प्रतीत हुन्छ । खासगरी पाँच विकारको पहिचान भएको छ ।

६. अर्को दिन– सत्य बाटो । कुटुम्बसँग मोह टुट्यो भने बंधन समाप्त हुने रहेछ । त्यसको लागि सबैकुरा हजुरको भनेर ईश्वरमा समर्पण हुनुपर्ने रहेछ । सबै गुरुदेवको सम्झेर व्यवहार चलाऊ । एक ईश्वर मात्रै सत्य हो र उसैको पासमा जानुपर्छ भन्ने अनुभूति त भयो तर त्यो माध्यम केवल देहधारी गुरुदेवलाई नै संझियो । यहाँ विदेही परमात्माको वास्तविक परिचयको नितान्त अभाव महशुश हुन्छ ।

मथिका यी अभिव्यक्तिहरूबाट समष्टिगत रूपमा ज्ञान प्राप्त भइनसकेका ब्रह्मा बाबाको बैराग्यको अवस्था प्रस्तुत हुन्छ । हामी बाबाले ज्ञान प्राप्त गरेर उहाँ सम्पूर्ण सम्पन्न भइसकेको पनि करिव पाँच दशक भइसक्दा प्राप्त बनिबनाऊ वातावरणमा कत्तिको बाबाले ज्ञान प्राप्त गरे पछि अवलम्बन गरेको मार्गलाई पहिचान गरेका छौं र सोही अनुसार अभ्यास गरेर आफ्नो जीवनलाई धन्य धन्य बनाउन सकेका छौं भन्ने अहम् प्रश्नमा घोत्लिनु पर्ने भएको छ । के हामी भित्र सन् १९३२ तिर लेखराज दादाको

मनमा उत्पन्न वैराग्य सम्म पनि उत्पन्न भएको छ ? हामीले उहाँ प्रजापिता ब्रह्मा र सम्पूर्ण ब्रह्मा बनेर हामीलाई दिनुभएको पालना र उदाहरणको अक्षरशः अनुसरण गर्न सकेका छौं ? हामीले बुझ्नु पर्ने र पहिचान गर्नुपर्ने कुराहरू के के बाँकी रहेका छन् ? यी यावत् प्रश्नहरूको उत्तर आफैले खोजेर हामीले स्व मूल्याँकन गर्नुपर्ने वेला भएको छ । ढिलो गर्न भएको छैन ।

अर्को कुरा ब्रह्माबाबाले परमपिता परमात्मा शिव बाबा, आत्मा स्वयम् र सृष्टिचक्रको परिचय पाएपछि उहाँले गरेका निर्णयहरू मूलतः परिवार सहित समर्पण र आफ्नो सबै सम्पत्ति यज्ञमा स्वाहा गर्ने निर्णयलाई कसरी हेरेका छौं ? त्यसलाई कसरी अनुसरण गरेका छौं ? यस विषयमा चिन्तन चलाउनु आवश्यक छ । हामी बाबा जस्तै निर्मान चित्त बनेका छौं ? बाबाले सदा बच्चाहरूलाई अगाडि राख्नु भयो र आफुलाई सदा बच्चाहरूको सेवकका रूपमा प्रस्तुत गर्नुभयो, हामीले त्यसै गरी अरु आत्मा भाइहरूलाई अगाडि राखेर आफूलाई सेवाधारी सम्झेका छौं ? ब्रह्माबाबाले भविष्यको प्रत्यक्षता र यस सृष्टिको विनाशको साक्षात्कार हुनासाथ सम्पूर्ण समर्पण गरिदिनु भयो । बाबा र उहाँको श्रीमतप्रति हाम्रो निश्चय कस्तो छ ? ब्रह्माबाबाको जस्तो निश्चय हाम्रो पनि छ ? अझै पनि हामी एक पछि अर्को बहानामा आफूलाई लट्काइराखेका त छैनौं ? बाबाले दिनहुँ आएर हामीलाई जगाउने काम गरिरहनु भएको छ, हामी अझै पनि ज्ञान त राम्रै हो तर सबै कहाँ पालना गर्न सकिन्छ भनेर आफुले आफैलाई धोका दिइहेका त छैनौं ? हामी उहाँ जस्तै उदार दिलका बनेका छौं ? ब्रह्माबाबाले सबैप्रति शुभ भावना र शुभ कामना राख्नुभयो, सदा सकारात्मक सोच राख्नुभयो, सच्चा दिल राख्नुभयो । हामी उहाँ जस्तै सबैका लागि पवित्र र शुभ चिन्तक बनेका छौं ? निर्माण चित्तका धनी ब्रह्माबाबाले सबैलाई सम्मान गर्नुभयो, सबैको कल्याणमा लागिरहनुभयो, हामीले पनि निर्मानता र निर्माणताको उदाहरण देखायौं ? तीन-चार सय जनाको परिवारलाई खुवाउन एक पाउ पिठो नभएको बेलामा पनि परमात्मा शिव बाबा माथिको अटल विश्वासमा ब्रह्माबाबा जस्तै जीवनमा आउने उतार-चढावमा किंचित विचलित नभई सदा वेफिक्र बादशाह हुन सकेका छौं ? आफ्नै सहोदर पुत्रले व्यवसाय गर्न जान्छु भन्दा आफूले सम्पूर्ण वैभव सम्पत्ति परमात्मामा अर्पण गरिसकेकाले म केही पनि दिन सक्दिनँ केवल रेलको भाडा रु ५ सम्म दिन्छु भन्ने नष्टोमोहा र मोहजित बनेका छौं ? ब्रह्माबाबा व्यक्तमा रहेर पनि अव्यक्त स्थितिको अनुभूतिमा रहनुहुन्थ्यो, हामीले पनि शरीरमा रहेर पनि अशरीरीपनको अनुभव गरेका छौं ? गराइरहेका छौं ? ब्रह्मा बाबा जस्तै सदा एवररेडि बनेका छौं ?

यी यावत् प्रश्न र यस्तै अनन्त प्रश्नहरू आज हामी बाबाका बच्चाहरूले आफूले आफैसँग सोधेर आफ्नो अवस्थाको आफै मूल्यांकन गर्नुपर्ने भएको छ । उठ्दा, बस्दा, खाँदा, हिंड्दा, मन, बचन, कर्ममा हामी बाबा समान छौं ? यस विषयमा विचार गरी हामीले सुधार्नुपर्ने केही कुरा छन् भने त्यसको छिनोफानो आँफै गर्ने हो । यहाँ बाबा, शिक्षक, सतगुरु हामीलाई मार्गदर्शन गर्न तयार हुनुहुन्छ त्यसैले यहाँ कि बाबा हुनुहुन्छ कि आफै छौं । त्यसैले हे प्रिय आत्मन् आफैले यस विषयमा विचार गरौं र म ब्रह्माबाबा समान कति कुरामा समीप पुगेको छु, कति कुरामा मैले अझै सुधार गर्नुपर्ने छ, त्यसको कसरी सुधार गर्ने, के पुरुषार्थ गर्ने आदि प्रश्नहरूमा आँफै घोत्लिऊँ र भविष्य सुन्दर बनाऊँ





# एक बाबा दुसरा न कोई

ब्रह्माकुमार सागर भाइ

भीष्म प्रतिज्ञा तोडिन सक्दैन, अर्जुनको निशाना चुक्न सक्दैन, सूर्यले आफ्नो प्रकाश गुमाउन सक्दैन, धर्ती माताले सहन गर्न छोड्दिनन्, सेतो हिमालले कालो रूप देखाउँदैन, तुफानको बहावले पहाड हल्लिँदैन, लक्ष्य प्राप्तिमा दृढताका साथ हिँडेको व्यक्ति समस्या, परिस्थिति, विघ्न बाधा र असफलता देखि निराश हुन सक्दैन र परमात्मा प्यारमा लीन हुने आत्मा मायाको विकराल रूप देखेर ईश्वरीय जीवनबाट विलीन हुन सक्दैन । यस ईश्वरीय जीवनमा निश्चयको बल नै सबैभन्दा ठूलो बल हो । त्यसैले अलौकिक जन्म हुँदै ज-जसलाई बाबा प्रति निश्चय भयो, उसको अन्तर मनबाट यही आवाज निस्कियो– "मेरा तो एक शिव बाबा दुसरा न कोई ।" यही अन्तर मनबाट निस्किएको आवाजको पक्का धारणा नै अन्तिम समय सम्मको सुरक्षा कवच हो ।

बाबा भन्नुहुन्छ– "निश्चय नै ब्राह्मण जीवनको फाउन्डेशन हो ।" लक्ष्य जति ठूलो हुन्छ त्यति ठूला–ठूला समस्याहरू पार गर्नुपर्ने हुन्छ । बाबा भन्नुहुन्छ– "विश्वका राजाई लेना कोइ मौसिका घर नहीं है ।" इश्वरीय मार्ग समस्या र विघ्न बाधा सँग विजय प्राप्त गर्ने मार्ग हो । असफलतालाई आधार बनाएर सफलताको शिखर चुम्ने मार्ग हो । कसैले जीवनको परिभाषा दिँदा भनेका छन् कि"जीवन बाँच्नको लागि एक संघर्ष हो ।" बाँच्न त सबै बाँचि नै रहेका छन् । कोही केही सुखको महसुस गर्दै, कोही केही दुःखको महसुस गर्दै । तर मलाई लाग्छ "जीवन भनेको खुशीको प्रतिबिम्ब हो ।" जहाँ खुशी छ त्यहाँ जीवनको सार छ । खुशी विनाको जीवन असार छ, अन्धकार छ । दुःखको भुमरीमा परेको मानिस आफूलाई जीउँदो लाश सम्झिन्छ । उसलाई बाँच्नुको कुनै अर्थ छ जस्तो लाग्दैन । त्यसैले जीवन भनेको खुशी नै हो जो सबै कुनै पनि रीतिले प्राप्त गर्न चाहन्छन् । बाँच्नु मात्र होइन, खुसीले बाँच्नु नै जीवन हो । इश्वरीय जीवनको खुशीको एक मात्र आधार हो परमात्मा निश्चय । बाबा प्रतिको निश्चयले सबै भय खत्तम गरिदिन्छ । भविष्यको भय, ग्लानिको भय, अपमानको भय, लोकलाजको भय, देहधारीको भय आदि सबै भय समाप्त गर्ने एक मात्र सशक्त हतियार हो बाबा (परमात्मा) प्रतिको निश्चय । कुनै पनि किसिमको मनको भयले माया माथि विजय प्राप्त गर्न दिँदैन । जसले "मेरा तो एक शिव बाबा दुसरा न कोई" भन्ने पाठ पक्का गर्छ उसको विजय निश्चित छ । शत्रुमाथि विजय प्राप्त गर्न युद्ध गर्नुपर्छ । युद्ध बिना विजय हुन सक्दैन । यो कुरा बिर्सिनु हुँदैन, बाबा समान बन्न, दिलारामलाई दिलमा राख्न, सर्वशक्तिमान्‌को साथको महशुस गर्न, निर्भय बनेर खुशी कायम राख्न समस्या विघ्न बाधाहरूसँग जुध्नै पर्छ । विजय प्राप्त गर्नै पर्छ । जो मानसिक तवरबाट मजबुत हुन्छन्, उनीहरू समस्यालाई समाधानको द्वार मान्छन् । परिस्थितिलाई नयाँ अपरच्युनिटि सम्झन्छन् । विघ्नलाई मनोबल बढाउने आधार बनाउँछन् । लौकिक जीवन र अलौकिक जीवनमा म आकाश पातालको फरक

बाँकी अंश पेज ३२ मा...



# मूल्य शिक्षा माला (४)

मूल्यका प्रकार (क्रमश:)

**गणीतीय मूल्य**

"सार्वभौमिक मूल्यहरू" को अन्तराफलको रूपमा गणितीय मूल्य कार्यशील हुन सक्छ । गणितीय मूल्य, सूक्ष्म कुराहरूका मूल्यहरूको वर्णन गर्नमा समर्थ हुन सक्छ । मानवीय मूल्यहरूको सम्बन्धमा उत्पन्न हुने संशयको निदान गर्नमा गणितीय मूल्य सहायक हुन्छन् । उदाहरणको रूपमा कार्य सम्पादनको समीक्षा गर्ने वा कुनै निर्णय लिने समयमा गणितीय मूल्यहरू जस्तै प्रतिशत, तथ्याङ्क आँकडाको प्रयोग गरेर हामीले जान्न सक्छौं कुन चाँही वस्तु अधिक मूल्यवान् छ । नैतिक मूल्यहरू एवं नीति शास्त्रीय मूल्यहरू बीच विवादको स्थितिमा गणितीय मूल्यहरूद्वारा समाधान गर्ने गरिन्छ ।

**नैतिक मूल्य**

"नैतिक मूल्य" मनुष्यका उचित अथवा अनुचित व्यवहारजन्य चरित्रका असल वा खराब पक्षसँग सम्बन्धित सिद्वान्त हुन्छन् । नैतिक मूल्यको अंग्रेजी अनुवाद moral value हो । "मोरल" शब्द ल्याटिन भाषाको शब्द "मोरेस" बाट उत्पन्न भएको हो । "मोरेस" को अर्थ हुन्छ व्यवहारको स्वीकृत तरीका वा चलन । कुनै समाजमा आपसी व्यवहारको लागि स्वीकृत आचरण सँग सम्बन्धित नियमहरूलाई नैतिक मूल्य भनिन्छ । केही सामान्य रूपबाट स्वीकृत नैतिक मूल्यहरू हुन् – विश्वास, सरलता, पवित्रता, अहिंसा इमानदारी, विनम्रता एवं सम्मान आदि ।

**राजनैतिक मूल्य**

"राजनैतिक मूल्य" को प्रदर्शन कुनै राजनैतिक व्यवस्थाको श्रेष्ठ संकल्प द्वारा गरिन्छ । अचेल प्रजातान्त्रिक मूल्यहरूको ठूलो महत्व पराइन्छ किनकि राजनैतिक मूल्यहरूले व्यक्तिलाई बोल्ने, धर्मको पालना, मताधिकार, अदालतमा स्वयंको रक्षा, नृशंस र असामान्य दण्डबाट रक्षा एवं लिङ्ग भेद विना समान पारिश्रमिक प्राप्त गर्ने अधिकार प्रदान गर्दछ । आ- आफ्ना व्यवस्था अनुसार राजनैतिक मूल्यहरूमा परिमार्जन सम्भव हुन्छ । पौराणिक कालमा राजनीति आध्यात्मिकबाट निर्देशित हुने गर्दथ्यो । राजतन्त्र नै राजनीतिक व्यवस्था थियो अनि राजा पितृतुल्य हुन्थे । त्यस बेला जनसंख्या थोरै थियो । यस्तो व्यवस्था जनसँख्या वृद्धि हुँदै जादा सम्भव भएन । साधनहरूको असमान वितरण सामान्य कुरा हुन गयो । आजको नेतृत्व भ्रष्ट भइसकेकोछ र आजकाल शक्तिको दुरुपयोग भइरहेको छ । लोकतान्त्रले कुनै व्यक्ति वा दललाई एक सीमा भन्दा अधिक सम्पत्ति जम्मा गर्ने अधिकार दिदैन ।

**व्यावसायिक मूल्य**

"व्यावसायिक मूल्य" कार्यस्थलहरूमा लागू हुन्छन् । समयवद्धता, कार्यकुशलता, सम्वादको स्पष्टता, पूर्णता, उत्पादनको गुणात्मकता, व्यवहारको शुद्धता एवं विश्वसनीयता आदि व्यावसायिक मूल्यहरू हुन् । आफुभन्दा उच्च पदका, समान श्रेणीका एवं अधीनस्थ कर्मीहरूसँग सम्मानपूर्ण उचित व्यवहार पनि व्यावसायिक मूल्य अन्तर्गत आउँछन् । महिलाहरू प्रति सम्मान,

यौन शोषणको निषेध, बौद्धिक संपदा संरक्षण प्रति आदर प्रदर्शन, सर्तहरूको दायित्व निर्वाह, सम्पादन गरिएका कार्यको समानुपातिक वेतन प्राप्त गर्ने अधिकार, स्वास्थ्य सुरक्षा एवं सेवा निवृत्तिभरण आदि प्रदान गर्नु पनि व्यावसायिक मूल्यहरू हुन् ।

**धार्मिक मूल्य**

कुनै विशेष धर्मका मान्यताहरू प्रति सम्मान र विश्वासको भाव धार्मिक मूल्यहरूको आधार हो । उदाहरणको लागि सर्वोच्च सत्ता प्रति श्रद्धा भाव व्यक्त गर्नको लागि शिर लाई ढाक्नु, धार्मिक स्थलहरू एवं समारोहको अवसरमा शान्ति कायम राख्ने जस्ता परम्परालाई स्वीकार गर्नु "धार्मिक मूल्य" हो । नैतिक मूल्य, नीति शास्त्रीय मूल्य एवं सार्वभौमिक मूल्य पनि धार्मिक मूल्यहरूकै अंग हुन् किनकि धार्मिक ग्रन्थहरूले उक्त मूल्यहरूलाई समर्थन गरेको हुन्छ र यिनै सिद्धान्तहरूको मद्दतबाट धार्मिक कानुन बनेका हुन्छन् ।

**सामाजिक मूल्य**

कुनै समूहको सुरक्षा एवं रेखदेख सामाजिक मूल्यको पहिलो चिन्ता हो । वातावरणको सुरक्षा एवं सन्तुलन कायम राख्नु, सामाजिक संरचनालाई सुदृढ बनाउनु, असल नागरिक बन्ने प्रेरणा दिनु, असल रीति-रिवाजहरूलाई कायम राख्नु पनि "सामाजिक मूल्य" हुन् । सामाजिक व्यवस्थाहरू जस्तै शैक्षिक संस्था, सुरक्षा एवं संचार व्यवस्थाको नियमितता र एकरुपता कायम राख्नु पनि सामाजिक मूल्य हुन् ।

**समर्थित स्वीकृत एवं अनुपयुक्त मूल्य**

जुन मूल्यहरूलाई हामीले धारण योग्य सम्झिन्छौ तिनलाई नै हाम्रा समर्थित मूल्य भनिन्छ । सामान्यतया हाम्रो कार्यव्यवहार र हाम्रा समर्थित (espoused) मूल्य बिच एकरूपता हुदैन । मूल्यको कुरा गर्न त सजिलो छ तर तिनलाई धारण गर्नमा हामीले स्वयंलाई धोखा दिन्छौं । सम्मान गर्ने मूल्यको लागि हाम्रो मनमा समर्थन वा आदर हुन सक्छ । तर हामी केही व्यक्तिहरू प्रति पूर्वाग्रही हुन्छौं भने उनको लागि सम्मान प्रदर्शन गर्दैनौ । पूर्वाग्रहले यस सत्यप्रति अन्धो बनाइदिन्छ । हाम्रो मनमा आग्रह र आदर भएका त्यस्ता मूल्य प्रति उपेक्षा गर्न थाल्दछौं । लापरवाहीले हामीलाई त्यसको परिणाम प्रति असम्वेदनशील एवं अज्ञानी बनाई दिन्छ । मूल्यहरू प्रति प्रदर्शन गरिने बौद्धिक चलाकीले हाम्रो व्यवहारमा विसंगती पैदा गरिदिन्छ । हामीले ती मूल्यलाई बचन सम्म मात्र स्थान दिन्छौं र कर्ममा ल्याउदैनौं । कैयौं व्यक्तिहरू मूल्यको परिभाषा बताउन माहिर भएपनि ती मूल्यहरूलाई धारण गर्ने क्षमता उनमा हुदैन । मूल्यहरूको धारणाको सम्बन्धमा एक गलत मान्यता प्रचलित छ कि यिनलाई धारण गर्नु असम्भव छ तथा यिनलाई धारण गर्नु कमजोरीको सुचक हो ।

मूल्यलाई जीवनमा धारण गर्न सन्तुलन एवं स्पष्टता आवश्यक छ अन्यथा हामीमा गलत निर्णय वा मूर्खतापूर्ण आचरण उत्पन्न हुने सम्भावना हुन्छ । उदाहरणको लागि "न्याय" एक सार्वभौमिक मूल्य हो तर यथार्थ न्याय दिनको लागि नियम र करुणाको सन्तुलन अवश्य चाहिन्छ । कहिले हामीले लचिलो रूप अपनाउनु पर्छ भने कहिले दृढता देखाउनु पर्छ । सिद्धान्तको सम्बन्धमा देखाउने दृढता राम्रो हो ।

कुनै मूल्यलाई आफ्नो जीवनमा अपनाएपछि अन्य मूल्यहरू पनि जीवनमा आउन थाल्छन् । जीवनमा विनम्रतालाई धारण गरिसके पछि साहस, इमानदारी, करुणा एवं प्रेम पनि विकसित हुन्छ । यदि यस्तो भएको छैन भने व्यक्तिको प्रत्यक्ष विनम्र व्यवहार एक प्रकारको चाप्लुसी हो । यसलाई गुप्त अहंकार पनि भन्न

सकिन्छ । जति-जति नैतिकताको चिन्तन हुन्छ र आफ्ना भावनाहरूको जाँच गरिन्छ त्यसै अनुसार मूल्यहरू प्रति तपाईको सूक्ष्म दृष्टि बन्दछ र नयाँ मूल्यहरूको उत्पत्ति पनि हुँदै जान्छ । आफ्नो भनाइ गराइ बीचको अन्तर बारे स्वयंलाई जानकारी हुँदै जान्छ र अन्तर समाप्त गर्नका लागि तत्परता आउँछ । अन्तरविरोध र विसंगतिहरूलाई हटाउँदै जानु एक सतत प्रक्रिया हो । एकातिर हामीले मानव अधिकारमा हाम्रो आस्था छ भन्छौं अर्कातिर हामीले निराश्रितहरूको शोषण गरिरहन्छौं । कुनै व्यक्ति लाई निर्दोष सावित नभए सम्म अपराधी मान्दछौं । यो मानव अधिकारको उल्लङ्घन हो । मौलिक रूपले सबै मानिस असल छन् भन्ने बिर्सेर उनीहरू तिर औंला उठाउनुको सट्टा हामी स्वयंको बारेमा आत्मचिन्तन गर्न थाल्नेछौं । यसबाट हामीलाई मूल्यहरूको धारण गर्न सुविधा हुन्छ ।

(**ब्रह्माकुमारीजद्वारा सञ्चालित अन्नामलाई विश्वविद्यालयको मूल्य शिक्षा एवं आध्यात्मिकता विषयको पाठ्यक्रममा आधारित**)

---

२९ पेजको बाँकी अंश ...

देख्छु । अनेक किसिमका समस्याहरू दुवै जीवनमा छन् । लौकिक जीवनमा समस्या बुझाउँने ठाउँ रेस्टुरा वा भट्टि, देहधारी, मन्दिर, चर्च....., स्लिपिङ्ग ट्याबलेट आदि हुन्छन् । तर अलौकिक जीवनमा समस्यालाई काट्न बाबाले दिनुभएको ज्ञानरूपी धार छ । हरेक परिस्थितिमा साथ दिन अनादि साथी (बापदादा) हजार भुजा फैलाएर खडा छ । मनको हिम्मत बढाउँन दिनदिनै श्रीमत मिलिरहेको छ । त्यसैले लौकिक जीवन सङ्घर्षको जीवन हो, जहाँ कहिल्यै कसैको केही भरोसा छैन । अलौकिक जीवन हर्षको जीवन हो, जहाँ एक बल एक भरोसा छ ।

खेल नै निश्चयको रहेछ । एक बाबा दुसरा न कोइको पक्का व्रतको रहेछ । दोष कसैको छैन । सबै निर्दोष छन् । अरुलाई दोषी बनाएर आफू निर्दोष बन्न खोज्नु भनेको पानी माथिको ओबानो हुनु हो । एक पतिव्रता स्त्री घरमा सासू, ससुरा, देवर, नन्द आदिको अपमान जनक व्यवहार देखेर आफ्नो घर, आफ्नो पतिलाई नै छोडेर जाँदिनन् । आज हामी कसैको भाव स्वभावमा परेर, उसलाई दोषी बनाएर, हाम्रो पथको बाधक सम्झिएर बाबालाई डिभोर्स दिएर ईश्वरीय मार्गबाट डाइबर्ट हुन्छौं भने पश्चात्ताप हामीलाई नै हुनेछ । हामीले परीक्षाको मार्ग चुनेका छौं । कदम कदममा परीक्षा, कहिले मित्र सम्बन्धीबाट, कहिले मायाको अनेक रूप, कहिले जन्म-जन्मान्तरको विकार त कहिले स्व को स्वभाव संस्कार । यी नै हुन् हामीलाई हाम्रो लक्ष्य सम्म पुऱ्याउने माध्यम । जुन सिँढीबाट तल झरियो त्यसैलाई माध्यम बनाएर फेरि माथि चढ्नु छ । मानिस मर्ने बेलामा भगवान्को नाम लिन चाहन्छ । तर यहाँ भगवान्को लागि मरिन्छ । नाम, मान, शान, अपमान, पुरानो दुनियाँ, विकार सबैबाट मरिन्छ । जसले हाम्रो जिम्मा लियो, जसलाई हामीले आफ्नो जिम्मा दियौं, ऊ प्रतिको निश्चयले नै हाम्रो श्रेष्ठ भाग्य बन्छ । बाहिरको दुःख, पीडा सहेर, पतित आत्माहरूको कुसँगमा परेर बारम्बार कष्टमय जीवन बिताएर मर्नु भन्दा सहन गर्नु नै महान् बन्नु हो भन्ने स्लोगनलाई आत्मसात् गरेर, श्रेष्ठ आत्माहरूको स्वभाव संस्कारलाई साक्षी भएर हेरेर शुभ भावना दिँदै, ज्ञान चिन्तन गर्दै परमात्मा लगनमा मगन भएर बस्नु नै बेश हुन्छ । अन्ततः लेखलाई जति बढाए पनि सार यही हो, मेरा तो एक शिव बाबा दुसरा न कोई ।





















१. फुटुंग : पूर्व युवराज्ञी हिमानी राज्यलक्ष्मी शाहलाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी स्मृति बहिनी । २. भरतपुर सुधारगृह : ब्रह्माकुमारी गीता पाठशालाको बोर्ड अनावरण पश्चात् ग्रुप फोटोमा जेलर कमलप्रसाद काफ्ले, ब्रह्माकुमारी लक्ष्मी बहिनी, अम्बिका बहिनी, गंगा बहिनी, ब्रह्माकुमार अर्जुन भाइ तथा अन्य । ३. चिल्ड्रेन पार्क, हेटौडा : मकवानपुर होटेल एसोसियसनका नव नियुक्त पदाधिकारीहरूलाई स्वागत पश्चात् ग्रुप फोटोमा ब्रह्माकुमारी शुशिला बहिनी, ब्रह्माकुमारी रेवती बहिनी तथा अन्य । ४. रानीबारी : आसर सुधार केन्द्रमा प्रवचन कार्यक्रम पश्चात् ग्रुप फोटोमा केन्द्रका प्रमुख इन्स्पेक्टर पुरुषोत्तम प्रसाद पाण्डे, ब्रह्माकुमारी सृजना बहिनी, प्रा. राधेश्याम मुल्मी तथा अन्य, सुधार गृहका व्यसनिहरूसँग । ५. गैडाकोट, नवलपरासी : सफल महिला समूह गैंडाकोटको तर्फबाट ब्रह्माकुमारी लक्ष्मी बहिनीलाई अभिनन्दन पत्रद्वारा सम्मान गर्नुहुँदै अध्यक्षा अमृता शर्मा कंडेल साथमा समाजसेवी ओम सापकोटा । ६. बुढानीलकण्ठ : सेवा केन्द्रमा समर्पित बहिनीहरूका लागि राखिएको सम्मान कार्यक्रमको उद्घाटन गर्नुहुँदै ब्रह्माकुमारी रविना बहिनी साथमा ब्रह्माकुमारी बहिनीहरू । ७. हेटौडा : वरिष्ठ समाजसेवी मुनु सिग्देललाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी शुशिला बहिनी । ८. सिमरा : उद्योग वाणिज्य संघ सिमराका नव नियुक्त पदाधिकारीहरूका साथ ग्रुप फोटोमा ब्रह्माकुमारी मधु बहिनी, अध्यक्ष युवराज पौडेल तथा अन्य । ९. टाँडी, चितवन : रत्ननगर महोत्सव २०७२ को उपलक्ष्यमा आयोजित शोभा यात्रामा सहभागी ब्रह्माकुमारीज सदस्यहरूको एक दृश्य ।



















१. टाँडी, चितवन : प्रधानमन्त्री के.पी. ओलीलाई ईश्वरीय उपहार दिए पश्चात् ग्रुप फोटोमा ब्रह्माकुमारी शर्मिला तथा ब्रह्माकुमारी श्रीलक्ष्मी । २. काठमाण्डौ : प्रथम राष्ट्रिय योग दिवसको शुभारम्भको अवसरमा शिक्षा मन्त्री गिरिराजमणि पोखरेललाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी कुसुम बहिनी । ३. फुटुंग, काठमाण्डौ : युवा तथा खेलकुद मन्त्री सत्यनारायण मण्डललाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी स्मृति बहिनी साथमा ब्रह्माकुमारी गीता बहिनी । ४. मलेखु, धादिंग : राष्ट्रिय व्यापार मेला महोत्सवको समापन समारोहमा माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री आनन्दप्रसाद पोखरेलाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी जया बहिनी । ५. ठमेल, काठमाण्डौ : प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयका साकार संस्थापक पिताश्री ब्रह्मा बाबा को ४७ औं स्मृति तथा विश्व शान्ति दिवसको अवसरमा प्रवचन कार्यक्रमको उद्घाटन गर्नुहुँदै शान्ति तथा पुनर्निर्माण राज्य मन्त्री दिपनारायण साह साथमा ब्रह्माकुमारी राज दिदी, ब्रह्माकुमारी किरण दिदी तथा अन्य । ६. फुटुंग : सेवा केन्द्रमा सभासद गगन थापालाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी स्मृति बहिनी साथमा ब्रह्माकुमारी गीता बहिनी ।